

सुमीको पुरस्कृत गीत... पृष्ठ ६


ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक १२४, काठमाडौं, शुक्रबार १० पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Friday 25 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-


# ऊर्जा र पुनर्निर्माणमा सघाउन चीन तयार

**राजधानी समाचारदाता**
काठमाडौं, ९ पुस

चीनले ऊर्जा र भूकम्पपछिको पुनर्निर्माणका साथै पर्यटन क्षेत्रमा नेपालसँग सहकार्य गर्न तयार रहेको जनाएको छ ।

बेइजिङ भ्रमणमा रहेका उपप्रधान एव परराष्ट्रमन्त्री कमल थापासँगको भेटमा चीनका उपराष्ट्रपति ली युनचाओले यस्तो इच्छा व्यक्त गरेका हुन् । बेइजिङस्थित सरकारी मुख्यालय ग्रेट हलमा बिहीबार भएको भेटवार्तामा सीमा नाकाहरू व्यवस्थित गर्ने र पारवहन तथा व्यापार सम्झौता अगाडि बढाउन महत्त्व दिनेबारे छलफल भएको थियो । उपराष्ट्रपति लीले नेपालसँगको सहकार्यलाई विस्तार गर्ने प्रतिबद्धता जनाएका थिए ।

'चीनले ऊर्जा, कनेक्टिभिटी, औद्योगिक क्षमता, विपद्पछिको पुनर्निर्माण र पर्यटनका क्षेत्रमा नेपाल सरकारसँगको संयुक्त प्रयत्नमार्फत चीन सहकार्य विस्तार गर्न इच्छुक छ,' उपराष्ट्रपति लिको भनाइ उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ। द्विपक्षीय सम्बन्ध र परम्परागत मित्रताको प्रशंसा गर्दै लीले भने 'राष्ट्रिय स्वतन्त्रता, सार्वभौम सत्ता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने नेपालको प्रयत्नलाई चीन समर्थन गर्छ। साथै, सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउन चीन इच्छुक छ ।'

भेटमा उपराष्ट्रपति लीले नेपाललाई थप इन्धन सहयोग गर्ने संकेत गरेका थिए। पहिले



दिएको १ हजार मेट्रिक टन सहयोग स्मरण गर्दै लीले थप सहयोग दिन सक्ने उल्लेख गरेको बेइजिङस्थित नेपाली दूतावासले विज्ञप्तिमार्फत जनाएको छ। भारतीय नाकाबन्दीपछि चीनले नेपाललाई १ हजार मेट्रिक टन पेट्रोल अनुदान दिएको थियो ।

लीसँगको भेटवार्तामा परराष्ट्रमन्त्री कमल थापाले नेपाल राजनीतिक र सामाजिक संक्रमणको एउटा गम्भीर चरणमा रहेको बताएका थिए । उपप्रधानमन्त्री थापाले दुई देशबिचको सीमा व्यापार केन्द्रको विकास तथा स्तरोन्नति र पारवाहन सन्धिलाई निष्कर्षमा पुर्‍याउनुपर्ने कुरा अत्यन्त महत्वपूर्ण हुने बताएका थिए । उनले गत वैशाख १२ को भूकम्पका बेला चीनले गरेको सहयोग र नेपालको विकासमा चीन सरकारका तर्फबाट भएका निरन्तर प्रयत्नका लागि आभारसमेत व्यक्त गरेका थिए । चीन-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ६०औं वार्षिक उत्सवको अवसरमा भएको भेटवार्तामा ६ दशक लामो सम्बन्धको समीक्षासमेत भएको थियो। यसै वर्ष चीन-नेपालबिच दौत्य सम्बन्ध स्थापना भएको ६० वर्ष पूरा भएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्यसमेत रहेका ली र उपप्रधानमन्त्री थापाबिचको भेटमा द्विपक्षीय सम्बन्ध विस्तारका अन्य विभिन्न पक्षबारे छलफल भएको थियो । शुक्रबार चीनका विदेशमन्त्री वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्नुअघि नै चीनका उपराष्ट्रपति लीसँग उपप्रधानमन्त्री थापाको भेटवार्ता भएको हो ।

यसैबिच, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता होङ लीले थापाको चीन भ्रमणले नेपाल-चीन सम्बन्ध अझै प्रगाढ हुने बताएका छन् । उनले नेपालमा नयाँ सरकार बनेपछि उच्च स्तरको भ्रमण भएको भन्दै दुवै सरकारले यसलाई उच्च महत्त्व दिएको बताए । 'भ्रमणका क्रममा दुवै पक्षले द्विपक्षीय सम्बन्धको विकास, सीमा क्षेत्रमा व्यावहारिक समन्वयका साथै द्विपक्षीय सम्बन्धको विकासका लागि विचार आदानप्रदान हुनेछ,' विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता होङले भने, 'यो भ्रमणले आपसी विश्वास बढाउने, सहयोग विस्तार गर्ने तथा मित्रतालाई अझ गहिरो बनाएर बृहत् सहयोगात्मक साझेदारी विकास गर्नेछ ।'

चिनियाँ विदेशमन्त्री वाङको निमन्त्रणामा उपप्रधान तथा परराष्ट्रमन्त्री थापा कानुनमन्त्री अग्नि खरेलसहित नौ सदस्यीय टोलीको नेतृत्व गर्दै बुधबार बेइजिङ गएका हुन् ।

### इन्धन कालोबजारी र ठगी प्रकरण

# सहसचिव साहसहित १३ अभियुक्त थुनामा

**राजधानी समाचारदाता**
काठमाडौं, ९ पुस

इन्धन ठगी र कालोबजारी गरेको अभियोगमा मुद्दा खेपिरहेका वातावरण मन्त्रालयका सहसचिव रामआधार साह, नेपाल आयल निगम थानकोट डिपो प्रमुख रविनकुमार शर्मासहित १३ जनालाई थुनामा राखेर मुद्दा सुनवाइ अघि बढाइने भएको छ ।

काठमाडौं र भक्तपुर जिल्ला अदालतले बिहीबार सहसचिव साह र डिपो प्रमुख शर्मालगायतलाई थुनामा पठाउने आदेश दिएपछि उनीहरूले अब जेलभित्रै बसेर मुद्दाको प्रतिरक्षा गर्नुपर्ने भएको छ ।

जिल्ला अदालत ललितपुरले सहसचिव साहलाई थुनामा राख्न आदेश दिएको छ भने थानकोट डिपो प्रमुख शर्मालाई काठमाडौं र ललितपुर दुवै अदालतले थुनामा पठाउने आदेश दिएको छ ।

ललितपुर जिल्ला अदालतका स्रेस्तेदार बाबुराम दाहालले सामूहिक मिलेमतोमा कम मात्राको इन्धनलाई बढी मात्रामा देखाउने प्रविधि पेट्रोल पम्पहरूमा जडान गरेर नाफा कमाउने उद्देश्य राखेको देखिएकाले उनीहरूलाई थुनामा राख्नुपर्ने आदेश भएको बताए । ललितपुर जिल्ला न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले सहसचिव एवं





गुणस्तर तथा नापतौल विभागका पूर्वमहानिर्देशक साहसहित १० जनालाई थुनामा राख्न आदेश दिएको हो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजलासले पनि शर्मासहित पेट्रोलियम डिलर्स एसोसिएसनका सचिव हिमविक्रम बराल, न्यु बंगलामुखी आयलका सञ्चालक सीताराम घिमिरेलाई थुनामा पठाउन आदेश दिएको छ । क्रिस्टल फ्युल सेन्टरका म्यानेजर कल्याणराज खड्कालाई भने ४० हजार धरौटीमा छाड्ने आदेश दिएको काठमाडौं जिल्ला अदालतले जनाएको छ । क्रिस्टलका सञ्चालक विष्णुबहादुर खड्का भने फरार छन् । पम्पहरूमा रिमोट जडान गर्ने भारतीय नागरिक अयुव आलमलाई पनि थुनामै राख्न अदालतले आदेश दिएको छ ।

ललितपुर जिल्लामा मात्र उनीहरूविरुद्ध बेग्लाबेग्लै चारओटा मुद्दा दायर छन् । चार ओटा मुद्दामा उनीहरूबाट ३१ लाख ५० हजार रुपैयाँ बिगो असुल गर्न, त्यति नै जरिवाना तिराउन र जनही पाँच वर्ष कैद सजाय माग गरिएको छ ।

काठमाडौं अदालतमा विपक्षी बनाइएकोबाट भने १ करोड ८४ लाख रुपैयाँ बिगो र त्यति नै बराबर जरिवाना भराउन माग दाबी गरिएको छ। अदालतमा दायर भएको मुद्दामा नाकाबन्दकिो मौका छोपेर इन्धनमा चरम कालोबजारी गरिएको देखि लिएर एउटै व्यक्तिले नौ ओटासम्म पम्प सञ्चालन गरेको सम्मका बदनियतहरू उल्लेख छन् ।


**सरकारमा थपिए चार मन्त्री, दुई मन्त्रालय फुटाइए**
- पृष्ठ २


राजधानी कुरा-कुरा

-उत्तम नेपाल




आफनो ट्यङ्कीको त सब बल्याकमा बेचियो ! तेसैले म नि पेट्रोलको लाइनाँ बस्या !

# पालमा आगलागी हुँदा चारको मृत्यु, ६ गम्भीर

**मिमसिंह नेपाली/राजधानी**
हुम्ला, ९ पुस

हुम्लाको मेल्छाम-९ स्थित दर्बीमा बुधबार राति भएको आगलागीमा चार कामदारको जलेर मृत्यु भएको छ । आगलागीमा ६ जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी निरीक्षक ओमप्रकाश राय यादवका अनुसार चंखेली-सरिसल्ला सडकखण्ड निर्माण कार्यमा जुटेका कामदारहरू बस्ने पालनजिकैको अँगेनामा बालेको आगो एक्कासि आएको हावाहुरीले उडाएपछि सो घटना भएको हो ।

राति ८ बजे सो घटना हुँदा पालमा बस्दै आएका अधिकांश कामदार सुतिसकेका थिए । घटनास्थल घाँसे मैदान भएको र छेवैमा नदी भएकाले मानवीय क्षति बढी हुन गएको प्रहरीले जनाएको छ ।

आगलागी नियन्त्रणबाहिर जाँदा पालमा सुतिरहेका कालिकोट लालु-८ का ३५ वर्षीया जया मिजार, २६ वर्षीय मानबहादुर विक, ४० वर्षीय नयाँ सुनार र लालु-९ का २८ वर्षीय गगन सुनारको जलेर मृत्यु भएको हो । आगलागीमा परी लालु-८ का ३२ वर्षीय जसबहादुर सुनार, २७ वर्षीय गोविन्द सुनार, २२ वर्षीय लोकबहादुर सुनार, अर्क सुनार, २४ वर्षीय रमेश सार्की र ३४ वर्षीय लोग सुनार गम्भीर घाइते भएका छन् ।

घटनास्थल जिल्ला सदरमुकाम सिमीकोटदेखि ४४ कोस टाढा पर्दछ। सो सडकखण्ड डेढ वर्षदेखि न्याप थ्रीको आर्थिक सहयोगमा निर्माण भइरहेको छ। मृतक र घाइतेहरू गत वैशाखदेखि सो सडकखण्डमा ठेक्कामा काम गर्दै आएका थिए ।

मृतकलाई बिहीबार नेपाली सेनाको हेलिकोप्टरले उनीहरूको घर कालिकोट पुर्‍याई परिवारलाई बुझाएको छ। घाइतेलाई थप उपचारका लागि हेलिकोप्टरबाट काठमाडौं लगिएको छ। दुई वर्षअघि पनि सो क्षेत्रको पुमा वनमा आगलागी हुँदा नौ जनाको मृत्यु भएको थियो भने दुईजना घाइते भएका थिए ।

### महानगरपालिकाले केयूकेएललाई भन्यो

# भत्काइएका सडक नबनाए थप सडक खन्न दिँदैनौं

**राजधानी समाचारदाता**
काठमाडौं, ९ पुस

काठमाडौं महानगरपालिकाले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) लाई खानेपानीको पाइपलाइन बिछ्याउने कार्य तोकिएको अवधिमा पूरा गर्न कडा निर्देशन दिएको छ । महानगरपालिकाले तोकिएको समयमा काम पूरा नगरे केयूकेएललाई थप सडक खन्न नदिने जनाउ दिएको छ ।

खानेपानी पाइपलाइन बिछ्याउन खनिएका सडक लामो समय बित्दा पनि नबनेपछि महानगरपालिकाले चासो देखाएको हो। खनिएका सडक लामो समयसम्म अलपत्र पारेको भन्दै सर्वसाधारणले महानगरपालिकासँग गुनासो गर्न थालेपछि महानगरपालिकाले केयूकेएलसँग समन्वय गरेर मात्रै सडक खन्ने अनुमति लिन भनेको हो ।

हाल उपत्यकामा केयूकेएलअन्तर्गत रहेको काठमाडौं उपत्यकामा आयोजना कार्यान्वयन निर्देशनालयले एसियाली विकास बैंकको सहयोगमा सडकमा पाइपलाइन बिछ्याउने काम गरिरहेको छ । तर, निर्देशनालयले पाइप बिछ्याउने नाममा कालोपत्रे सडक खनेर लामो समय त्यतिकै छोडिदिँदा धुलो हिलो र प्रदूषणले राजधानीवासीले हैरानी खेप्दै आएका छन् । यस क्रममा महानगरपालिका र केयूकेएलबिच १२ बुँदे सम्झौता भएको छ। 'खानेपानी पाइपलाइनका लागि खनिएका सडक लामो समयसम्म पनि बन्न नसकेपछि सबैभन्दा बढी गुनासो हामीकहाँ आउने गरेको छ,' महानगरपालिकाका कार्यकारी अधिकृत रुद्रसिंह तामाङले भने, 'सडकभरि धुलो र खाल्टाखुल्टी छन्, गुनासो आउनु स्वाभाविक पनि हो ।'

महानगरपालिका क्षेत्रभित्रका आठ मिटरभन्दा कम चौडाइका सबै सडक महानगरपालिकाको जिम्मेवारीमा रहेका छन्। खानेपानी पाइपलाइन बिछ्याउने कार्यमा समन्वय गरी जनतालाई सहज हुने गरी काम अघि बढाउने उद्देश्यले दुवै पक्षबिच सम्झौता भएको उनले बताए ।

पाइपलाइन बिछ्याउँदा खनिएका सडक बनाउने काम आफ्नै भएको बताउँदै आएको भए पनि काठमाडौं उपत्यकामा आयोजना कार्यान्वयन निर्देशनालयले समयमा सो काम गर्न सकिरहेको छैन ।

(बाँकी पृष्ठ २ मा)

# बिन्दुले जितिन् पूर्वश्रीमान् विरुद्धको मुद्दा

### ७५ करोड रुपैयाँ जरिवाना भराउन आदेश

**राजधानी समाचारदाता**
काठमाडौं, ९ पुस

नेपाली महिला बिन्दु परियारले आफूलाई पूर्वअमेरिकी पतिले यौनसम्बन्धी फिल्ममा जबर्जस्ती खेल्न लगाएको आरोप लगाउँदै दायर गरेको मुद्दा जितेकी छन् । अमेरिकाको डाल्स काउन्टी अदालतले यौनसम्बन्धी फिल्ममा जबर्जस्ती खेलाउनुमा उनका पूर्वपति टम ज्यान्डेल सेवेललाई दोषी ठहर गर्दै ७२ लाख ५० हजार अमेरिकी डलर अर्थात् करिब ७५ करोड रुपैयाँ जरिवाना भराउन आदेश दिएको छ ।

स्थानीय पत्रिका द डाल्स मर्निङ न्युजको डाल्स न्युज डटकम अनलाइनमा २० डिसेम्बरमा प्रकाशित समाचारअनुसार स्टेट



डिस्ट्रिक जज मार्टिन जे होफम्यानले बिन्दुलाई जबर्जस्ती यौन फिल्ममा खेल्न बाध्य बनाएको, सोसम्बन्धी भिडियो र तस्बिहरू इन्टरनेटमा राखेको आरोपमा सेवेललाई दोषी ठहर गरेका हुन् ।

अदालतको आदेशअनुसार सेवेलले अब बिन्दुलाई सो रकम हर्जनास्वरूप तिर्नुपर्ने हुन्छ । अदालतले बिन्दुका पूर्वपति सेवेलले उनलाई नेपाली पोसाकको सट्टा जबर्जस्ती मिनीस्कर्ट लगाउन बाध्य बनाएको, स्तन ठुलो बनाउन लगाएको, राहदानी लुकाइदिने र अर्धनग्न रूपमा क्लबहरूमा काम गर्न भनेको फैसलामा उल्लेख गरेको छ । बिन्दुले प्रशस्त पैसा कमाउन नसकेपछि पुरुषहरूसँग यौन सम्पर्क गर्न लगाई त्यसको शृंखलाबद्ध फिल्म बनाएको पनि अदालतले उल्लेख गरेको छ ।

सेवेललाई छाड्ने समयसम्म बिन्दु नचाहँदा नचाहँदै पनि पोर्न स्टार भइसकेकी थिइन् । बिन्दुले सो पत्रिकालाई दिएको अन्तर्वार्ता, अदालती दस्तावेज र उजुरीमा आफ्नो अवस्था र जारी संघर्षबारे सबै कुरा उल्लेख गरेकी छन् ।सो पत्रिकाले सामान्यत: यौन हिंसापीडितको नाम पीडितको सहमतिअनुसार नै प्रकाशित गरेको छ ।

(बाँकी पृष्ठ २ मा)




## छोटकरी

### निजी विद्यालयले दुई महिनाको शुल्क नलिने

**जनकपुरधाम/रास–** मधेस आन्दोलनबिच बन्द रहेका जनकपुरका निजी विद्यालयले दुई महिनाको फी (शुल्क) नलिने भएका छन् ।

निजी विद्यालयको यस्तो सहमतिसँगै बिहीबारबाट जनकपुरका विद्यालय खुलेका छन् । निजी विद्यालयले बन्द अवधिको शुल्क विद्यार्थीसँग माग्न थालेपछि संघीय समाजवादी विद्यार्थी संघले निजी विद्यालय बन्द गराएका थिए । प्रगतिशील मधेसी समाजको पहलमा बिहीबार सम्पन्न बैठकमा विद्यालय खोल्नेसम्बन्धी निर्णय गरिएको छ ।

तिन महिनाको बन्द अवधिमध्ये दुई महिनाको शुल्क नलिने तर एक महिनाको भने अभिभावकले दिनुपर्ने बैठकले निर्णय गरेको छ। साथै विद्यालय संस्थापकले बन्द अवधिमा शिक्षकको तलब भने दिने सहमति गरेका छन्। बैठकमा प्याब्सन, एनप्याब्सनका पदाधिकारीका अतिरिक्त संघीय समाजवादी विद्यार्थी संघका प्रतिनिधिको सहभागिता थियो ।

### विद्यालय भवन निर्माणमा सहयोग

**कपिलवस्तु/रास–** भूकम्पबाट क्षति पुगेका कपिलवस्तुका विद्यालय भवन निर्माणलाई १ करोड ७० लाख रकम छुट्ट्याइएको छ ।

जिल्लामा बिहीबार आयोजित विपद् व्यवस्थापन तथा शिक्षाका सवाल विषयक कार्यक्रममा सो कुराको जानकारी दिइएको हो । कार्यक्रममा जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको विपद् व्यवस्थापनको समग्र कार्ययोजना र शिक्षाका सवालका विषयमा जानकारी गराइएको थियो ।

भूकम्पमा विद्यालय भवन भत्कँदा शिक्षा क्षेत्रमा ठुलो क्षति पुगेको र बालबालिकाको पठनपाठन प्रभावित भएको बताइएको छ । जिल्ला शिक्षा कार्यालय कपिलवस्तुका उपसचिव सूर्यप्रसाद भुसालले विपद् व्यवस्थापनका लागि विपद्को प्रभाव कम गर्ने योजना मिटिगेसन, आवश्यक तयारी, त्यसको उचित व्यवस्थापन र पुनःस्थापनको कार्य मुख्य रहेको जानकारी दिए ।

गत १२ वैशाखमा गएको भूकम्पले कपिलवस्तुका विद्यालयमा समेत क्षति पुगेकाले नेपाल सरकारबाट त्यसको मर्मत सम्भारका लागि आवश्यक रकमसमेत आइसकेको उनले जानकारी दिए ।

# पैगम्बर हजरत महम्मदको जन्मदिन मनाइयो



**राजधानी संवाददाता**
राजविराज, ९ पुस

सप्तरीका इस्लाम धर्मावलम्बीहरूले बिहीबार रक्तदान तथा मुलुकमा शान्ति, सद्भावको कामना गर्दै धर्मका प्रवर्तक तथा पैगम्बर हजरत महम्मद सल्लाल्लाहु अलै हिवसल्लमको १४९०औं जन्मोत्सव मनाएका छन् ।

यस अवसरमा रक्तदान, बिरामीलाई फलफूल, विपन्न परिवारका बालबालिकालाई कापी-कलम, पुस्तक र पोसाक वितरण गर्नुका साथै शान्ति र सद्भावका साथ सन्देशसहित सदरमुकाम राजविराजमा र्‍यालीको आयोजनासमेत गरेका छन् ।

नुरीजामा मस्जिद, मदरसा इस्लामिया, फैजरसुल, अल्जामेतुल मदरसा, गरिब नवाजलगायत संस्थाको अगुवाइमा निस्केको र्‍यालीले नगर परिक्रमा गरेको थियो ।

र्‍यालीमा स-साना बालबालिकादेखि वृद्धवृद्धासम्म सहभागी थिए। यसै अवसरमा नुरीजामा मस्जिदको रक्तदान तथा मुद्दी मोहरम स्मृति कल्याणकारी प्रतिष्ठानले प्रवचन कार्यक्रम सम्पन्न भएको थियो ।

## बिदा दिन माग

**भैरहवा/रास–** मोहम्मद जयन्तीका अवसरमा सार्वजनिक बिदा दिन इस्लाम धर्मावलम्बीहरूले माग गरेका छन् ।

हजरत मोहम्मद मुस्तफा इस्लाम धर्मका धर्मगुरु हुन् । उनको १४९औं जन्मोत्सवको अवसरमा बिहीबार भैरहवामा आयोजित कार्यक्रममा इस्लाम धर्मावलम्बीले धर्मगुरुको जन्मजयन्तीको अवसरमा सार्वजनिक बिदा दिन सरकारसँग माग गर्दै पर्वको महत्त्वलाई बढावा दिन आग्रह गरेका हुन् ।

भैरहवास्थित गल्लामण्डीको रहमानिया मस्जिदमा आयोजना गरिएको कार्यक्रममा वक्ताले सरकारसँग हज कमिटीलाई व्यवस्थित बनाउनुपर्ने, मदरसालाई अन्य सरकारी विद्यालयसरह मान्यता दिई मदरसाको विकासका लागि बजेट विनियोजन गरिनुपर्ने माग गरेका हुन् । मोहम्मद जयन्तीमा सार्वजनिक बिदा दिन सरकारले मुस्लिम संयुक्त संघर्ष समितिसँग यसअघि नै सम्झौता गरेको मुस्लिम अगुवाहरूको दाबी छ। शान्तिको कामना गर्दै भैरहवामा पैगम्बर हजरत मोहम्मद जन्मोत्सवमा र्‍यालीसमेत निकालिएको थियो ।

मुस्लिम समुदायका धर्मगुरु मोहम्मद मुस्तफा जन्मजयन्तीको अवसरमा बिहीबार भैरहवामा निकालिएको र्‍याली ।

# सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता

## २२ वर्षअघि मृत्यु भएकाको नाममा समेत रकम निकासा

**राजेन्द्र कार्की/राजधानी**
जाजरकोट, ९ पुस

> मृत्यु भइसकेका र हुँदै नभएका व्यक्तिको नाममा नक्कली बिल भर्पाई गरेको भेटिएपछि सुवानाउली गाविसमा ०६२ देखि ७२ सम्म कार्यरत सचिवहरू र अरू कर्मचारीमाथि स्थानीयले कारबाहीको माग गरेका छन् । तत्कालीन समयमा गाविस सचिवहरू हिक्मत सुनार, शेरबहादुर रावत, मोहन ढकाल, चिरञ्जीवी जिसी, गोकर्णराज शर्मा र लेखा सहायक लक्ष्मीप्रसाद शर्मालगायत कार्यरत थिए । सचिवहरू गाविसमा नबस्ने र सबै जिम्मेवारी लेखा सहायक शर्मालाई दिँदा रकम घोटाला भएको स्थानीयको आरोप छ ।

सुवानाउली-८ सुवाका सर्केनी दमाईको मृत्यु भएको २२ वर्ष भइसक्यो । तर, आश्चर्यको कुरा उनको नाममा बर्सेनि सामाजिक सुरक्षा भत्ता निकासा भइरहेको छ । यस्तै, सोही ठाउँका कालु थापाको मृत्यु भएको पनि १६ वर्ष भइसक्यो । तर, उनको नाममा सरकारले ज्येष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रममार्फत रकम भने पठाइरहेको छ । सामाजिक सुरक्षा भत्ताबापतको सो रकम भने १० वर्षदेखि मासिक रूपमा नक्कली बिल भरपाई बनाएर भुक्तानी भइरहेको पाइएको छ ।

२२ वर्षअघि मृत्यु भएका दमाई र १६ वर्षअघि मृत्यु भएका थापाको नाममा अहिलेसम्म सामाजिक सुरक्षा भत्ताको रकम आइरहेको थाहा पाउँदा सुवानाउली गाविसका पूर्वगाविस अध्यक्ष गोरखबहादुर थापा छक्क परे । सुवानाउली गाविसको आर्थिक वर्ष ०६९/७० को बिल भरपाईमा ६० भन्दा बढी मृतकका नाममा मासिक ५ सय रुपैयाँका दरले सामाजिक सुरक्षा भत्ता गइरहेको तथ्यांकले देखाएको छ । थापा र दमाई त सो गाविसका प्रतिनिधि पात्र मात्र हुन् । सुवानाउली-८ का मानसिंह थापा, पठे थापा, कले चदारा, गोरी रावत, देउमल थापा, मन्दरी टमटा, काले थापा, दरे कामी, काली टमाटा, धने बुढा, कल्चु टमटा, सर्जन खड्कालगायतको धेरै पहिले नै मृत्यु भइसकेको छ । यस्तै, पठे सुनार, बिर्खे थापा, पम्फी रावत, रत्नी थापा, तुली चदारा, तुल्क्षा चदारालगायत व्यक्ति यो गाविसमै छैनन् । तर, उनीहरू सबैका नाममा मासिक ५ सय रुपैयाँका दरले वृद्धवृद्धा र एकल महिला भत्ता वितरण भइरहेको देखिन्छ ।

यसरी मृत्यु भइसकेका र हुँदै नभएका व्यक्तिका नाममा नक्कली बिल भरपाई गरेको भेटिएपछि सुवानाउलीमा ०६२ देखि ०७२ सम्म कार्यरत सचिवहरू र अरू कर्मचारीमाथि स्थानीयले कारबाहीको माग गरिएको छ। तत्कालीन समयमा गाविस सचिवहरू हिक्मत सुनार, शेरबहादुर रावत, मोहन ढकाल, चिरञ्जीवी जिसी, गोकर्णराज शर्मा र लेखा सहायक लक्ष्मीप्रसाद शर्मालगायत कार्यरत थिए । सचिवहरू गाविसमा नबस्ने र सबै जिम्मेवारी लेखा सहायक शर्मालाई दिँदा रकम घोटाला भएको स्थानीयको आरोप छ ।

सुवानाउलीमा दलित ज्येष्ठ ४४, अन्य ज्येष्ठ ५१, एकल महिला ७०, पूर्ण अपांग १६, आंशिक अपांग तिन र दलित बालबालिका २ सय ५१ जनाको नाममा वार्षिक १६ लाख ८० हजार ४ सय रुपैयाँ जाने गरेको छ। तर, गाउँमा भत्ता पाउने व्यक्ति पुरै रकम पनि नपाएको बताउँछन् । ८ लाख बढी रकम हिनामिना भएको स्थानीयको आरोप छ। गाउँ विकास समितिका कर्मचारीले यी सबैको नाममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको भर्पाई बनाएर जिल्ला विकास समितिमा भने पेस गरेका छन् ।

यस्तै, गाउँमा ५ वर्षमुनिका दलित बालबालिकाले वर्षमा पाउनुपर्ने २४ सय रुपैयाँ बाल अनुदानको रकम पुरै नपाउने गरेको, अपांग, एकल महिला, दलित ज्येष्ठ र अन्य ज्येष्ठले पनि पुरै रकम नपाएको बताएका छन् । तर, गाविसका कर्मचारीले सो गाउँमा हुँदै नभएका २ सयका दरले बाल संरक्षण भत्ता वितरण गरेको भर्पाई पनि जिविसमा पेस गरेको पाइएको छ ।

जिविस जाजरकोटको लापर्बाहीले सामाजिक सुरक्षा भत्ताको ३० ओटै गाविसमा चरम दुरुपयोग भएको एमाले जाजरकोटका पूर्वसांसद रत्नप्रसाद शर्मा न्यौपाले बताए । पटकपटक जानकारी गराउँदासमेत जिविसले आलटाल गरेर पन्छिन खोजेको उनको आरोप छ। जिविस, गाविस सबैलाई छानबिनको दायरामा ल्याउनुपर्ने सांसद न्यौपानेले माग गरे ।

यसरी सुवानाउली गाविसमा मात्र वृद्धवृद्धा, एकल महिला, अपांग र बाल संरक्षण अनुदान भत्ताका नाममा वार्षिक १६ लाख ८० हजार ४ सय रुपैयाँ जाने गरेको छ। यस गाउँमा नभएका भत्ता पाउने व्यक्तिको नाम सुनाउँदा स्थानीय चकित परेका छन्। गाविसमा हुँदै नभएका, वृद्धवृद्धा, एकल महिला, अपांग तथा दलित बालबालिकाको नाममा फर्जी भरपाई बनाई गाविसका सचिव, लेखा सहायक र प्राविधिकको मिलेमतोमा रकमको व्यापक दुरुपयोग भएको पाइएको छ ।

जिल्लाका मजकोट, सुवानाउली, जगतीपुर, पैक, ढिमे, खगेनकोट, रग्दा, भगवती, खलंगा, जुगाथापाचौर, साल्मा, गर्खाकोट, कोर्ताङलगायत ३० ओटै गाविसमा सामाजिक सुरक्षा भत्ता रकमको चरम दुरुपयोग भएको पाइएको छ ।

जिल्लाभरका गाविसबाट हरेक वर्ष करोड बढी रकम दुरुपयोग हुने गरेको छ। बर्सौंसम्म मृतकको मृत्यु दर्ता नगर्ने र लगत नकाट्ने, दोस्रो विवाह गरेका महिलालाई एकल महिलाको सूचीबाट नहटाउने, नभएकाको नाममा भर्पाई बनाउने, हचुवाको भरमा परिचय पत्र बनाउने र गलत विवरण जिविसमा पेस गर्ने नगर्दा घोटाला हुँदै आएको पाइएको छ । सरोकारवाला निकायबाट अनुगमन, निरीक्षण र नियमन हुन नसक्दा यसरी रकम हिनामिना भएको हो। स्थानीय जनप्रतिनिधिविहीन हुँदा जाजरकोटमा सामाजिक सुरक्षा भत्ता बापतको दुरुपयोग बढेको हो ।

को मरेको छ, को जीवित छ, भन्ने कुराको अध्यावधि गाविसले गर्ने हुँदा सचिवले नै गलत मनसाय राख्दा समस्या बढेको जिल्ला विकास समिति जाजरकोटका योजना अनुगमन तथा प्रशासकीय अधिकृत टेकबहादुर खत्रीको भनाइ छ। अब सबै गाविसको अनुगमन गरिने र कडा कारबाही गरिने खत्रीको भनाइ छ।

## १४ वर्षपछि प्रहरी भवन

**दाङ/रास–** तत्कालीन द्वन्द्वको समयमा ध्वस्त भएको जिल्ला प्रहरी कार्यालय दाङको भवन १४ वर्षपछि पुनर्निर्माण भएको छ।

तत्कालीन विद्रोही पक्षले आक्रमण गर्दा जिल्ला प्रहरी र हाल वडा प्रहरी कार्यालय भवन ८ मंसिर ०५८ मा ध्वस्त भएको थियो । २ करोड २६ लाख २३ हजार ७ सय २७ रुपैयाँको लागतमा कार्यालय र ब्यारेक भवन निर्माण भएको हो ।

भवनको बिहीबार नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले उद्घाटन गरेका छन् । द्वन्द्वको समयमा दाङमा २९ ओटा प्रहरी भवन ध्वस्त भएका थिए ।

सुरक्षाको कारण देखाउँदै तत्कालीन समयमा सशस्त्र प्रहरी बेस क्याम्प, कारागार र जिल्ला प्रशासन कार्यालयनजिकै जिल्ला प्रहरी कार्यालय सारिएको थियो ।

मध्यपश्चिममा द्वन्द्वको समयमा ध्वस्त भएका ७ सय ६७ ओटा प्रहरी भवनमध्ये मध्यपश्चिम क्षेत्रमा २ सय २४ ओटामा क्षति पुगेको मध्यपश्चिम प्रहरी प्रमुख डीआईजी केशव अधिकारीले बताए ।

## जनयुद्धले राजनीतिक चेतना उठेको छ : उपराष्ट्रपति

**राजधानी संवाददाता**
रोल्पा, ९ पुस



उपराष्ट्रपति नन्दबहादुर पुन पासाङले विभिन्न चरणका परिवर्तनकारी आन्दोलन र जनयुद्धले रोल्पाली जनताको राजनीतिक चेतना धेरै माथि उठाएको बताएका छन् ।

नेपालको २८औं खुला दिशामुक्त जिल्ला घोषणा र २१औं साक्षर रोल्पा घोषणा सभा सहभागी हुँदै उपराष्ट्रपति पुनले जनताको आर्थिक जीवनमा भने अपेक्षित परिवर्तन आउन नसकेकोमा चिन्ता व्यक्त गरे ।

उपराष्ट्रपति पुनले जनताको जीवनमा परिवर्तन अनुभूति हुने गरी विकास आयोजना अगाडि बढाउन जरुरी भएको बताए ।

'रोल्पाली जनताले परिवर्तनका लागि गरेको बलिदान गौरवपूर्ण बलिदान हो । यो गौरवपूर्ण बलिदानबाट प्राप्त उपलब्धिमा हामी सबै रोल्पावासीले गर्व गरौं,' पुनले भने, 'हामी सबै नेपालीको भविष्य चम्किलो छ।' उपराष्ट्रपति बनेपछि पहिलोपटक रोल्पा आएका पुनको सदरमुकाम लिवाङमा भव्य स्वागत गरिएको थियो ।


नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय

जिल्ला हुलाक कार्यालय, भोजपुरको मिति २०७२/०८/२७ मा राजधानी दैनिक पत्रिकामा प्रकाशित ठे.नं. 01/BHO/DPO/072/073 को सूचनामा तपशिल बमोजिम संशोधन गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

| सि.नं. | साबिकको Bid Security रकम रु | संशोधित Bid Security रकम रु | साविक Bid Security Validity Period | संशोधित Bid Security Validity Period |
|---|---|---|---|---|
| १. | ७४३३६।०० | ७४,५००।०० | 10th April 2016 | 11th May 2016 |



**सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७२/०९/०३ मा बसेको संचालक समितिको ९८ औं बैठकको निर्णयानुसार संस्थाको सातौं वार्षिक साधारण सभा देहाएका विषयमा छलफल गरि निर्णय लिन निम्न मिति, समय र स्थानमा बस्ने भएकोले उपस्थितीको लागि सबै सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ।

सभा बस्ने मिति, स्थान र समय
मिति : २०७२/०९/२५ गते शनिवार
स्थान : होटल राजस्थान, गणबहाल, काठमाडौं
समय : बिहान ८ बजे

प्रस्तावहरु
१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत आ.व.२०७१/७२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखा समितिको प्रतिवेदन।
३. लेखा परिक्षकको प्रतिवेदन सहितको आ. व. २०७१/७२ को वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने सम्बन्धमा।
४. आ.व. २०७२/७३ को बार्षिक कार्यक्रम माथि छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।
५. आ.व. २०७२/७३ को लागि लेखा परिक्षकको नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा।
६. संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न संचालक समितिबाट एक जना र सभाको तर्फबाट एक जनाको नाम तोक्ने सम्बन्धमा।
८. विविध।

संचालक समितिको आज्ञाले
सचिव

**फेयर डील बचत तथा ऋण सहकारी संस्था लि.**
FAIR DEAL SAVING & CREDIT CO -OPERATIVE LTD
का.म.न.पा, वडा नं १३ तहाचल, काठमाडौं
फोन नं ४०३००५८, फ्याक्स न. ४०३००६० PO Box : 4948



**NOTICE OF MRP** KENSTAR the way the world lives

| PARTICULAR | MODEL | PRICE |
|---|---|---|
| KENSTAR REFRIGERATOR | REFNCE193SH-RDA | 19,990/- |

Sunrise Appliances Pvt. Ltd
Pan No: 303731522



हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
को
**तेइसौं बार्षिक साधारण सभा सम्बन्धी सुचना**

यस कम्पनीको **तेइसौं बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त बार्षिक साधारण सभामा भाग लिन आफै उपस्थित हुन वा रितपूर्वकको प्रतिनिधी मनोनयन गरी पठाउनु हुन सञ्चालक समितिको निर्णयानुसार सबै शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ। साथै संस्थागत शेयरधनीले पनि आफ्नो संस्थाको प्रतिनिधित्व गर्न रित पुर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन अनुरोध छ।

सभा हुने मिति : २०७२ साल पुस ३० गते, बिहीबार (१४ जनवरी २०१६)
समय : दिउँसो २:०० बजे।
स्थान : हिमाल हाइड्रो, प्रधान कार्यालय, जावलाखेल।

**सभामा छलफल हुने विषय सूची :**
१. अध्यक्षज्यूबाट सञ्चालक समितिको तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुति र त्यसको स्वीकृति।
२. लेखा परीक्षकको प्रतिवेदन सहित लेखा परीक्षण भएको आ. व. २०७१/७२ को नाफा नोक्सान हिसाब, उक्त आ. व. को नगद प्रवाह र २०७२ आषाढ मसान्तको वासलात प्रस्तुति र त्यसको स्वीकृति।
३. आ. व. २०७२/७३ को हिसाब किताब लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण।
४. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



**मुद्दती खाताको लागी शिलवन्दी तथा गोप्य ब्याजदर प्रस्ताव आव्हानको सूचना**

सर्व प्रथम सुचना प्रकाशन मिति २०७२।०९।१०

नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तरगत बायुयान संचालन कोषमा प्राधिकरणकै स्वामित्वमा रहेको नेपाली तथा विदेशी मुद्राका रकमहरु मध्ये हाल देहाय अनुसारको बैंकमा रहेको नेपाली रुपैया साविक बमोजिम मुद्दती खातामा राख्नका लागी सार्वजनिक रुपमा सुचना प्रकाशन गरी प्रतिस्पर्द्धात्मक प्रकृयाद्धारा ब्याज दर माग गर्ने गरी निर्णय भए अनुसार सो रकम न्युनतम १ वर्षका लागी मुद्दती खाता खोली राख्दा **वार्षिक के कति दरमा ब्याज दिन सकिन्छ ?** सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "क" वर्गमा सूचिकृत भएका वाणिज्य बैंकहरुवाट देहाय अनुसारका शर्तहरु पूरा भएको प्रमाण कागजाद सहित, यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र यस विभागमा आइ पुग्ने गरी पेश गर्न हुन **शिलवन्दी ब्याज दर प्रस्ताव** आव्हान गरिएको छ।

यसरी प्राप्त भएका ब्याज दर प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्वन्धी सम्पूर्ण अधिकार विभागमा सुरक्षित रहेको छ। म्याद नाघी आएको र रित नपुगेका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन। यस सम्वन्धमा थप जानकारी आवश्यक भएमा यस विभागमा सम्पर्क राख्न सकिने छ।

नेपाली रुपैया

| क्र. सं. | रकम | हाल रकम रहेको बैंक | कैफियत |
|---|---|---|---|
| 1 | १२११३०००.०० | श्री बंगलादेश बैंक लिमटिड | साविक मुद्दती खातामा रहेको र अर्को अवधिको लागी अद्यावधिक गर्नु पर्ने भएको |
| 2 | १६०००००.०० | श्री बंगलादेश बैंक लिमटिड | ,, |
| 3 | १५४०६३१२.५० | श्री बंगलादेश बैंक लिमटिड | ,, |
| 4 | १५४०६३१२.५० | श्री सिटिजन बैंक लिमिटेड | ,, |

अमेरीकी डलर

| क्र. सं. | रकम | हाल रकम रहेको बैंक | कैफियत |
|---|---|---|---|
| 1 | २३९९७५.०० | श्री लक्ष्मी बैंक लिमिटेड | साविक मुद्दती खातामा रहेको र अर्को अवधिको लागी अद्यावधिक गर्नु पर्ने भएको |
| 2 | ४०००००.०० | श्री ग्लोवल बैंक लिमिटेड | |
| 3 | ३५००००.०० | श्री ग्लोवल बैंक लिमिटेड | |
| 4 | २००००००.०० | श्री बंगलादेश बैंक लिमटिड | साविकमा कल एकाउण्टमा रहेकोमा अब अर्को अवधिको लागी मुद्दती खातामा अद्यावधिक गर्नु पर्ने भएको |

**पूरा हुनु पर्ने शर्तहरु:**
क) राष्ट्बैंक बाट कुनै कारवाहीमा नपरेको,
ख) नाफामा संचालन भएको,
ग) बार्षिक साधारण सभा र लेखा परिक्षण भई आएको।

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**फ्लाइट सेफ्टी स्ट्याण्डर्ड विभाग**
सिनामंगल, काठमाण्डौ।
फोन नं: ४१११११९/४१११०७५

## सम्पादकीय

# अकालमा नमार भूकम्पपीडितलाई

पुसको जाडो दिनदिनै मापन यन्त्रमा शून्यभन्दा तल झर्दै छ। आठ महिना नाघिसकेको छ, हामीले विनाशकारी भूकम्प झेलेको। हजारौंको ज्यान त्यसबेलै गयो, लाखौंको संख्यामा घरबारविहीन बने। कहालिलाग्दो त्रासदीले दिएको पीडा आठ महिनामा बिर्सिनुपर्नेमा जाडो सँगसँगै झन्झन् बल्झँदै गएको छ। विनाशकारी भूकम्प र त्यसपछिका सयौं परकम्पले पनि चुँड्न नसकेका कलिला बालबालिका र वृद्धवृद्धासम्मको ज्यान भूकम्पपछिको व्यवस्थापनमा राज्यले ध्यान नदिएकै कारण अकालमै गइरहेको छ। पुसमा मात्रै सातजना भूकम्पपीडितले ज्यान गुमाए, सयौं जीवन मरणको दोसाँधमा रहेका समाचारहरू बाहिर आइरहेका छन्। तर, विडम्बना, राज्य संयन्त्र अझै संवेदनशील देखिएको छैन।

भूकम्पलगत्तै राज्यले अन्तर्राष्ट्रिय सम्मेलन गरेर सहयोगको गुहार माग्यो। दाताहरूले मन फुकाएर सहयोगको प्रतिबद्धता जनाए पनि। तर, आठ महिनासम्म पनि दाताले दिएको सहयोग कसरी भूकम्प पीडितसम्म पुर्‍याउने ? भन्ने विषयमा राज्यसँग कुनै भरपर्दो, बलियो र स्थायी संयन्त्र छैन। संयन्त्र नभएको मात्रै होइन, बिस्तारै इच्छाशक्ति पनि देखिन छाडेको छ, राज्यमा। पीडितका लागि राज्यले थुप्रै कार्यक्रम र आकर्षक नारा अघि सार्‍यो। सामूहिक बास, सामुदायिक भवन, टहरा, जस्तापाता वितरणलगायतका दर्जनौं आश्वासन बाँडियो, तर कार्यान्वयन भने झन्डै शून्य छ। कम्तीमा घोषित कार्यक्रमको न्यूनतम कार्यान्वयन मात्र भएको भए पनि पीडितले अकालमै ज्यान गुमाउनुपर्ने थिएन। भूकम्पपीडित जाडोले कठ्यांग्रिएर मृत्युवरण गरेको समाचारले पनि राज्यमा कति पनि संवेदना जगाउन सकेको छैन। भूकम्पपछि मुलुकले संविधान पायो। त्यही संविधानलाई मियो बनाएर धेरैले राजनीतिक अभीष्ट पूरा गरिरहेका छन्। तर, ती अभीष्ट पूरा गर्नेले कहिल्यै सोचेनन्, भूकम्पपीडित दिनदिनै जाडो खप्नै नसकेर मरिरहेका छन्। राज्य सञ्चालनको जिम्मेवारीमा रहेका राजनीतिक दल, नेतृत्व र सम्बद्ध निकायको योभन्दा बढी बेवास्ता र दरिद्रता अरू हुनै सक्दैन।

नाकाबन्दी र इन्धन अभाव देखाएर पीडितलाई राहत दिन र पुनर्निर्माण गर्न नसकिएको भन्दै सरकारले अन्तर्राष्ट्रिय जगत्‌लाई भ्रममा राखिरहेको छ। सामुदायिक भवन उद्घाटनमा नेताका हेलिकोप्टर उड्न सक्छन् तर भूकम्पपीडितले राहत पाइरहेका छैनन्। यस्तो किन भइरहेको छ ? सरकारमा किन इच्छाशक्ति भएन ? भन्ने विषयमा अबचाहिँ राज्यले जवाफ दिनै पर्छ। राजधानीमा मन्त्रिपरिषद् बिस्तार हुँदै गर्दा राजधानीबाहिर भूकम्पपीडितले ज्यान गुमाउँदै छन्। तर, ज्यान गुमाउनेका नाममा र थप ज्यान गुम्न नदिन सरकारको प्रतिबद्धता आउँदैन। अब राजनीतिक अभीष्ट मात्रै पूरा गर्न छाडेर कम्तीमा पीडितमुखी नीति बनाउन ढिला गर्न हुँदैन। विशेषगरी पुनर्निर्माणमा सरकार संवेदनशील बन्नुपर्छ। यसका लागि विगतमा गर्ने भनिएका सबै प्रतिबद्धता आजैका मितिबाट कार्यान्वयन गर्न थालिनुपर्छ, त्यो पनि प्रधानमन्त्रीकै प्रत्यक्ष निगरानीमा। यसलाई साथ दिन दलका शीर्ष नेतृत्वको नयाँ संयन्त्रमार्फत काम गरिनुपर्छ। राष्ट्रिय राजनीतिको महत्त्वपूर्ण मुद्दा सीमांकन र विवाद मात्र होइन, पीडित आमजनताको गाँस, बास र कपास पनि हो। यो समस्यालाई सीमांकनभन्दा ठुलो र प्राथमिक विषय बनाइनुपर्छ। भूकम्पपछिको राहत तथा पुनःस्थापना र पुनर्निर्माण व्यक्तिको जिउन पाउने अधिकारको अहं प्रश्न हो भन्ने कुरालाई आत्मसात् गर्दै सरकार अघि बढ्नुपर्छ।

# (अ)सामाजिक सञ्जाल ?!



■ भानुभक्त आचार्य

सामाजिक सञ्जाल भनेको इन्टरनेटमा आधारित सफ्टवेयर वा एप्लिकेसनहरू (जस्तै : फेसबुक, ट्विटर, युट्युब आदि) को समूह हो, जसमार्फत् प्रयोगकर्ताहरूले एकआपसमा अन्तर्क्रिया गर्न, सूचना आदानप्रदान गर्न एवं सामाजिक सम्बन्ध बिस्तार गर्न सक्छन्। कुनै व्यक्ति वा संस्थाका गतिविधिहरू थाहा पाउन, जनचासोका समसामयिक विषयहरूमा बहसहरू चलाउन, विभिन्न पक्षबिच सामाजिक हितका लागि सम्पर्क सूत्रको रूपमा काम गर्न सामाजिक सञ्जालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। सामाजिक सञ्जालका विविध विशेषता छन्, जस्तै : तुलनात्मक रूपमा सस्तो, अन्तर्क्रियात्मक, विश्वव्यापी पहुँच, तत्कालै सूचना आदानप्रदान गर्न सकिने आदि।

सिद्धान्ततः सामाजिक सञ्जालले मानिसको सामाजिक सम्बन्धको दायरालाई बढाउँछ, राम्रा अभ्यासहरूलाई फैलाउँछ र सम्बन्धलाई सुदृढ पार्छ। रेडियो, टेलिभिजन जस्ता परम्परागत सञ्चारमाध्यमको तुलनामा 'सोसल मिडिया' बढी लोकतान्त्रिक छन्, किनभने यहाँ सबैले आफ्ना अभिव्यक्तिहरू राख्न पाउँछन्। आफ्ना गतिविधिहरू सार्वजनिक गर्न सक्छन्। इन्टरनेटमार्फत् सामाजिक सम्बन्धको दायरालाई विश्वभरि फिँजाउन पाउँछन्। सामाजिक सञ्जालमा हामी सबै समान हैसियतका छौं वा देखिन्छौं। हाम्रा सबै सम्बन्धलाई हामीले साथीमा परिणत गरेका छौं। त्यसैले हामी आमा, बुबा, श्रीमान्, श्रीमती, भाइ, बहिनी वा जो कोहीलाई 'फ्रेन्ड रिक्वेस्ट' पठाउँछौं। भौतिक रूपमा भेट नभए पनि कतिपय मानिसका गतिविधि वा अभिव्यक्तिहरू मन परेर थाहै नपाई हामी उनीहरूका फ्यान भइसक्छौं।

तर, हामी त्यतिखेर फरक लाग्छौं वा देखिन्छौं, जब हामी बोल्छौं, लेख्छौं वा तस्बिरहरू पोस्ट गर्छौं। हाम्रो संस्कार, हाम्रो शैक्षिक स्तर, हामीभित्र गुम्सिएको पूर्वाग्रह, हाम्रा अन्धविश्वास, हाम्रो विद्वता, नेतृत्व क्षमता, राजनीतिक आस्था आदि सबै एकै पटक छरपस्ट हुन्छन्। हालै राष्ट्रपति विद्यादेवी भण्डारीको जनकपुर भ्रमणको विषयलाई लिएर प्रदीप झा नामको शिक्षकले फेसबुकमा जे लेखे, उनको हैसियत छताछुल्ल भयो। हिन्दीमा एउटा कहावत छ- 'काक कोयल एक वर्ण है, बैठे ही एक डाल। बोली से पेहेचानिए, यह कोयल यह काग।' अर्थात् काग र कोइली एउटै रंगका हुन्छन्। उनीहरू एउटै रूखको हाँगामा बसेका रहेछन् भने बोलीले मात्रै कोइली र कागलाई छुट्याउन सकिन्छ। कोइली मधुर स्वरको प्रतीक हो। उसको मीठो स्वरले सबैलाई मन्त्रमुग्ध पार्छ। तर, कागको आवाज सुनेर मुग्ध हुने मानिस विरलै भेटिएलान्। हो, सामाजिक सञ्जालमा हामी काग हौं वा कोइली। प्रष्टै छुट्टिन्छौं।

हामी सामाजिक सञ्जालमा असामाजिक गतिविधि प्रस्तुत गरिरहेका हुन्छौं। एउटा व्यक्तिको गल्तीलाई हामी सामान्यीकरण गरेर समग्र समुदायतर्फ घृणा फैलाइदिन्छौं। प्रदीप झाकै प्रसंगलाई जोडेर सबै मधेसी विधवा महिलाका बारेमा त्यस्तै सोच्छन् होला भनेर अराजक धारणा बनाउन वा सोसल मिडियामा टिप्पणी गर्न हामी कस्सिन्छौं। अर्कैले लेखेका स्टाटसहरूलाई आफ्नै बनाएर कपी पेस्ट गर्छौं र वाहवाही लुट्छौं। तथ्यमा भन्दा हावादारी कुरामा बढी बहकिन्छौं। कुनै स्टाटस सेयर गर्दा मार्क जुकरबर्गले यति मिलियन डलर दिने कुरालाई पत्याउँछौं र त्यसका पछि दौडिन्छौं र अरूलाई पनि त्यतै दौडिन जबर्जस्ती गर्छौं। विभिन्न नाउँमा फेक अकाउन्ट खोलेर कसैको सत्तोसराप गर्न, होच्याउन, बेइज्जत गर्न हामीमध्ये कतिपय बढी नै जाँगर देखाउँछौं। आफूलाई मन नपरेको व्यक्तिलाई 'फाँसी दे' वा 'देश निकाला गर' भनी कानुनले वर्जित गरेका अपराध गर्न उकास्छौं। शब्दकोशले समेत हटाएका कतिपय दुर्वाच्य हामी सामाजिक सञ्जालमा ओकल्छौं र आफ्नो हैसियत सार्वजनिक गर्दछौं। यी विविध कारणले गर्दा सामाजिक सञ्जाललाई हामी सम्बन्ध जोड्न कम तर सम्बन्ध बिच्छेद गर्न बढी प्रयोग गरिरहेका छौं। हाम्रो सामाजिकताको स्तर मापन गर्न एउटा शब्द वा वाक्य वा तस्बिर काफी छ।

भुइँचालोले थलिएको बेला देश विदेशबाट उदार हृदय भएका धेरै मानिस प्रभावित क्षेत्रहरूमा गए, आफूले लगेको राहत सामग्री बाँडेर फर्किए। आफूले गरेको कामको प्रमाणका लागि तस्बिरहरू खिचे, जसले गर्दा वास्तवमै काम भएको छ है भनी अन्य सहयोगीलाई विश्वास गर्ने आधार होस्। यो स्वाभाविक हो। तर, कतिपयले अरू कसैले बाँड्दै गरेको राहत सामग्रीलाई पृष्ठभूमि बनाएर वा ज्यादै थोरै योगदान गरेर तस्बिर खिचाए र सामाजिक सञ्जालमा बढाइचढाइ गर्दै बधाईका पात्र बने। अरूलाई दयाको पात्र बनाएर आफूलाई 'हिरो' साबित गर्न खोज्ने प्रवृत्ति 'सोसल मिडिया सिन्ड्रोम'बाहेक केही होइन। यो रोग भएका मानिसहरू हरहालतमा आफूलाई समाजमा 'एक्सपोज' गर्न चाहन्छन्- चाहे अरूले गरेकै कामलाई पनि आफ्नै दाबी गरेर किन नहोस्। अर्को एकथरी प्रयोगकर्ता छन्, जसको काम जोसुकैका निजी क्षणहरूलाई क्यामरामा कैद गर्नु र मौका पर्दा त्यसलाई 'ब्ल्याकमेल' गरेर सम्बन्धित व्यक्तिलाई तह लगाउनु। नत्र, त्यस्तो सामग्रीलाई सामाजिक सञ्जालमा हालिदिएर उसको प्रतिष्ठा धुमिल पार्नु। प्रेमी-प्रेमिका, आफन्त वा साथीसंगीबिच मनमुटाव हुनासाथ उनीहरूलाई खुइल्याउने प्रवृत्ति बढ्नु यसैको प्रमाण हो। सामाजिक सञ्जाल प्रयोग गरेर कतिपय मानिस अपराध गर्न तम्सिरहेका छन्। यसरी सामाजिक सञ्जालले हामीलाई असामाजिक बनाइरहेको छ।



**सामाजिक सञ्जालले हामीलाई संवेदनाहीन पनि बनाउदै लगेको छ। कुनै घरमा आगो लाग्यो भने पानी छ्याप्ने वा निभाउनका लागि प्रयत्न गर्ने कम, सेल्फी खिचेर समाजिक सञ्जालमा हाल्नेहरूको भीड ज्यादा हुने गरेको छ। नेपालमा भुइचालोलगत्तैको उद्दार कार्यमा खटिने कम र मोबाइल हातमा लिएर सेल्फी खिच्नेहरूको भीड बढी थियो।**

सामाजिक सञ्जालले हामीलाई संवेदनाहीन पनि बनाउँदै लगेको छ। कुनै घरमा आगो लाग्यो भने पानी छ्याप्ने वा निभाउनका लागि प्रयत्न गर्ने कम, सेल्फी खिचेर समाजिक सञ्जालमा हाल्नेहरूको भिड ज्यादा हुने गरेको छ। नेपालमा भुइँचालोलगत्तैको उद्धार कार्यमा खटिने कम र मोबाइल हातमा लिएर सेल्फी खिच्नेहरूको भिड बढी थियो। सबैलाई आ-आफ्नो सोसल मिडियाबाट समाचार ब्रेक गर्ने हतारो छ। आफू नमरुन्जेल वा आफूलाई नपरुन्जेल सबै पत्रकार मात्र बन्न खोज्ने। त्यसैगरी कसैले सामाजिक सञ्जालमा आफन्तको शोकमा आफ्ना भावनाहरू व्यक्त गर्‍यो, दुःखद तस्बिरहरू सेयर गर्‍यो भने हामी तुरुन्तै 'आरआईपी' ('रेस्ट इन पिस'को छोटकरी) लेखेर औपचारिकता पूरा गर्छौं। अथवा त्यस्तो स्टाटसलाई पनि हामी 'लाइक' गरिहाल्छौं। मानौं, कोही मर्‍यो, राम्रै भो। कसैले जन्मदिनको शुभकामनाका लागि मूल्यवान् शब्दहरू खर्चियो, कुनै शुभकामना कार्ड बनाएर पठायो भने हामी भरसक लाइक गरेकै भरमा आफ्नो कर्तव्य पूरा भयो भन्ने सम्झिन्छौं। नत्र, 'टिक्यु' ('थ्यांक यु' को छोटकरी) लेखेर टार्छौं। यस्ता गतिविधिको मतलब हामी ज्यादै बेफुर्सत् छौं, बेमतलब छौं वा संवेदनाहीन छौं भन्ने नै हो।

कहिलेकाहीँ कुनै घटना नै नभई हुने शंकाको आधारमा कसैलाई गाली गर्न, मानिसहरूलाई त्रसित बनाउन वा आफूलाई राम्रो कामको जस लिनका लागि सामाजिक सञ्जालमा हामी कतिपय पोस्टहरू लेख्छौं। आफू गलत ठहरिने बित्तिकै हामी 'अफलाइन' बस्छौं, पोस्ट डिलिट गर्छौं वा आफ्नो प्रोफाइललाई नै 'डिएक्टिभेट' गर्छौं। अनि हामी नै अरूलाई सदाचारको उपदेश गर्छौं। गत वर्ष एकजना महिलाले कान्तिपुरमा प्रकाशित उनको लेख पढ्न भनी फेसबुकमार्फत् लिंक सेयर गरिन्। उक्त लेखमा सभ्य समाजका लागि केही उपदेश थिए। पूरै लेख पढ्न पाएको थिइनँ। दुई दिनपछि उनी ठगीको आरोपमा जेल गइन् भन्ने सुने। आफूलाई पठाएको लिंक खोजेर हेर्न खोजेँ। उनको फेसबुक अकाउन्ट डिएक्टिभेट भइसकेको थियो। 'ताक परे तिवारी, नत्र गोतामे' भन्ने पुरानो नेपाली उक्तिलाई चरितार्थ गर्न सघाउँछन् यस्ता गतिविधिले। यस्तो गतिविधि गर्ने उनी एक्ली होइनन्, हामीमध्ये धेरै छौं, जो हतारमा लेख्छौं र फुर्सतमा पछुताउँछौं।

सामाजिक सञ्जालमा हामी सकेसम्म राम्रो छवि प्रस्तुत गर्न खोज्छौं। चोर वा पुलिस, कालोबजारी र कानुन अधिकारी, घुस दिने र लिने, इमानदार र भ्रष्ट, नैतिक र पतीत, शोषक र शोषित, शासक र शासित हामी सबै छौं, यहाँ। हामी सबैको उद्देश्य हो, सकेसम्म आफूलाई सामाजिक देखाउनु। नेपालको कुनै औद्योगिक घरानाले कुनै गाउँमा एउटा बाँसको चौतारो बनाइदिएछ भने पनि समाज सेवाको महान् कार्य भनी सामाजिक सञ्जाल रंगाउन थाल्छ। त्यसले उसको हैसियत बढाउँदैन, घटाउँछ। भूकम्पलगत्तै यति घर निर्माण, यति स्कुल निर्माण, यति बाटोघाटा निर्माण गर्छौं भनी कबोल गर्नेहरू कति थिए कति। ती अहिले कहाँ हराए ? ती धेरैजसो सोसल मिडिया सिन्ड्रोमबाट पीडित रहेछन्। यो रोग यति सशक्त हुन्छ कि पशुपतिमा माग्न बसेकामध्ये कसैको हातमा एक सुका थमाइयो भने पनि सेल्फी खिचेर सामाजिक सञ्जालमा महादानी बलिराजाको दोस्रो अवतारका रूपमा आफूलाई प्रस्तुत गर्न मन लाग्छ।

गतिलो काम गरेर त्यसमा गर्व गर्नु राम्रो कुरा हो। अलिअलि काम गरेर अलिअलि फुर्तीफार्ती देखाउनु पनि ठिकै होला। तर, ज्यादै नगन्य काम गरेर डंका पिटाउनु वा गर्दै नगरेको काममा जस लिन खोज्नु सरासर बेइमानी हो। हामीभित्र बढेको सामाजिक भइटोपल्ने रोगले हामीलाई असामाजिक बनाइरहेको छ। बेलैमा होस् पुर्‍याऔं, असामाजिक हुनबाट बचौं।

# सूचना प्रवाहको सिप : सफल प्रशासनको द्योतक



■ कृष्णहरि बाँस्कोटा

आमनागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनका लागि हरेक प्रशासकले आफूले गरेको कामको सार्वजनिकीकरण गर्नुपर्छ। यस सन्दर्भमा सबैले आफूलाई तोकिएको कार्य सम्पादन गर्नुपर्छ र त्यसको जानकारी आमनागरिकलाई गराउनुपर्छ। यसबाट एकातिर कार्यसम्पादन गर्नेको उत्साह बढ्छ भने अर्कोतिर जनताले सुसूचित हुने मौका पाउँछन्। मैले इमानदारितापूर्वक काम गरेको छु भन्नेले पारदर्शिता पनि अपनाउनुपर्छ। मैले भ्रष्टाचार गरेको छैन भन्नेले सदाचारिता पनि देखाउनुपर्छ। म सेवाग्राहीप्रति नै समर्पित छु भन्नेले जनताको पक्षमा उभिएर बोलिदिनुपर्छ। 'नबिराउनु, नडराउनु' भन्छन्। मैले गल्ती गरेको छैन, यसैले कसैसँग 'डर' पनि छैन भन्नेले जनताले मागेको सूचना निर्धक्कसँग दिनु पनि पर्छ। 'धनले धन बढाउँछ, ऋणले ऋण' भने झैं सार्वजनिक पदमा रहेर अनावश्यक गोप्य हुन खोज्ने प्रशासक अन्धकारको यात्रातर्फ उन्मुख हुन पुग्छ भने खुला कार्यसंस्कृतिमा काम गर्न रमाउने प्रशासक उज्यालोतर्फको यात्रामा नजिकिँदै जान्छ। यसबाट उसले समाजमा आफ्नो पहिचान बनाउँदै जान्छ र लोकप्रिय प्रशासकको पंक्तिमा उभिन सफल हुन्छ। नेपालको मुलुकी प्रशासनमा कार्यरत अधिकांश उच्च प्रशासक हरेक कुराले सक्षम छन् तर तिनले आफूसँग रहेको गुण समाजमा प्रदर्शन गर्न सकिरहेका छैनन्। मान्छे काममा महसुर र व्यवहारमा शिष्ट छ, तर कसैले केही कुरा सोधेमा 'मलाई थाहा छैन, हाकिमलाई सोध्नुपर्छ' भन्छ। लामो कुरा गर्नै चाहँदैन, संक्षिप्त कुरा गरी पन्छिन् र फुत्किन खोज्दा अनुहार कालो बनाउँछ। सधैंको हँसिलो मानिसमा पनि अँध्यारोपना देखिन्छ। यसबाट सेवाग्राही जनताले निष्कर्ष निकाल्छन्, 'कति धेरै डरछेरुवा रहेछ, मुखै अन्धकारवाला। यस्ताले के जनताको सेवा गर्लान् ? पाए लुँड्याउला जस्तो छ' आदि, इत्यादि। यसरी प्रशासकहरू क्रमशः 'गुमनाम' र बदनाम हुँदै जान्छन्। अन्त्यमा सार्वजनिक पदबाट हट्ने बखत मनभरि कुण्ठा लिएर निस्किन्छन् र त्यसपछि 'अल्पायु'मा घिस्रिन पुग्छन्।

यो लेखको मुख्य ध्येय भूपी शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे'को संख्या बढ्यो, सार्वजनिक पदमा रहेका उच्च प्रशासकहरू समयमै सच्चिनोस् भन्ने सन्देश प्रवाह गर्नु नै हो। 'पदको राप'मा 'मै हुँ' भन्ने प्रशासकहरू सेवाबाट अवकाश भएपछि 'कौन पुछे खेसरीका दाल' भएका दृष्टान्त सयौं र हजारौंको संख्यामा छन्। यतिसम्म कि समाजमा परिवर्तनका बाहक र 'रोल मोडल' ठहरिएका मानिसहरूले समेत पदमा रहुन्जेल 'तपाईं आर्दश पुरुष' भनी मिथ्या कुरा बताइरहने र सो व्यक्ति पदबाट हटेपछि कुनै वास्ता नगर्ने, बरु उल्टै सो पदमा जुन व्यक्ति पुगेको छ, यसैलाई 'तपाईं सक्कली आदर्श पुरुष' भन्ने अभ्यास हाबी हुँदै गएको छ। यस्ता कुरा पढेर वा परेर जानिन्छ। बुद्धिमान प्रशासकले यो लेख पढेर यस्ता कुराको भेउ पाउन सक्छन्। मन्द बुद्धि भएकाले अवकाश भएर, अर्थात् परेपछि दिव्य ज्ञान हासिल गर्ने छ, जुन बखत ढिला भइसकेको हुने छ।

**केही उच्च प्रशासकमा 'म कसैलाई पनि गन्दिनँ, कसैले भनेको पनि मान्दिनँ' भन्ने 'तुजुक' चढेको पनि पाइयो। कैयौं समाजसुधारक भनी चिनिएकाले यस्तालाई 'क्यावात' पनि भनिदिए। तर, यथार्थलाई विश्लेषण गर्ने हो भने जनताको प्रतिनिधिले जनताको पक्षमा गर्न लागेको काममा प्रशासकले टाङ अड्याउने होइन, सहजीकरण गरिदिनुपर्छ।**

वर्तमान परिस्थितिलाई विश्लेषण गर्दा केही उच्च प्रशासक 'राम्रा मानिस'मा दरिएका छन्। उनीहरूले समाजमा इज्जत र प्रतिष्ठा पाएका छन्। कुनै नयाँ जिम्मेवारीको पद खडा भएमा वा रिक्त भएमा उनीहरूकै नाम उच्चारण गरी समाजले मान सम्मान दिएको छ। पत्रपत्रिकामा 'वर्ष पुरुष' ठहरिएका छन्। आफ्नो जन्मथलो जिल्लामा अभिनन्दित भएका छन्। राष्ट्रपतिले दिने तक्मा र निजामती, सेना र प्रहरीमा पाइने पुरस्कार हात पारेका छन्। यस प्रकारको सफलताको पछाडि उनीहरूको खुला कार्य संस्कृति नै 'गहना'को रूपमा रहेको छ। ती पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन र सामाजिक सञ्जालमा छाएका छन्। तिनले आफ्ना निजी विचार समाजमा वितरण गरेका छन्। आफू कार्यरत कार्यालयका गतिविधिलाई जनता सामु पुर्‍याएर जनताको सूचना माग्ने र पाउने हकको सम्मान गरेका छन्। यसर्थ, जो यस सत्‌कार्यभित्र प्रवेश गर्न हिच्किचाइरहेका छन्, निसंकोच खुला दुनियाँको अवधारणातर्फको गन्तव्यमा विचरण गरुन् भनी सल्लाह दिन चाहन्छु।

कैयौं उच्च प्रशासकले आफूलाई कतिसम्म नकारात्मक रूपमा प्रस्तुत गरिरहेका छन् भने 'उहाँ सधैं रिसाइरहेको मात्रै महसुस गरेको छु' भन्ने कार्यालय सहयोगीको संख्या अनगिन्ती छ। 'उहाँजतिको घमण्डी र फुलेल मानिस आजसम्म देखेको छैन' भन्ने टिप्पणी गर्ने सहयोगी कर्मचारीको संख्या पनि हजारौं छ। 'ढुंगा बोल्ला तर, त्यो मुढो के बोलोस्' भनी जनताले सत्तोसराप गर्दै उच्च प्रशासकको बदनामी गरिरहेको कुरासँग 'मलाई के मतलब' भन्ने प्रशासकलाई के उपमा दिने ? जनताबिच, कर्मचारीमाझ र आफूप्रति कसरी न्याय गर्न सक्छु ? भनी आफूलाई परिवर्तन गर्नु आवश्यक छ। केही उच्च प्रशासकमा 'म कसैलाई पनि गन्दिनँ, कसैले भनेको पनि मान्दिनँ' भन्ने 'तुजुक' चढेको पनि पाइयो। कैयौं समाजसुधारक भनी चिनिएकाले यस्तालाई 'क्यावात' पनि भनिदिए। तर, यथार्थलाई विश्लेषण गर्ने हो भने जनताको प्रतिनिधिले जनताको पक्षमा गर्न लागेको काममा प्रशासकले टाङ अड्याउने होइन, सहजीकरण गरिदिनुपर्छ। भ्रष्टाचार गर्न, कानुनविपरीत काम गर्न र संगठनको उद्देश्यविपरीत हिँड्न त कसैलाई छुट दिने कुरै भएन। जहाँ प्रशासक अडिनुपर्छ, त्यहाँ चिप्लिने, जहाँ प्रशासक मौन रहनुपर्छ वा उसको क्षेत्राधिकार नै होइन, त्यहाँ बोल्दा सबैलाई असहज महसुस हुन सक्छ। जे होस्, जनतालाई सुसूचित गर्ने ध्येयले व्यक्त विचारको भने समाजले 'कदर' गर्ने नै गरेको हुन्छ।

अधिकांश उच्च प्रशासक सूचना प्रवाहमा 'बेखबर' झैं छन्। तिनको सामाजिक पहिचान पनि सोहीबमोजिम निर्माण भएको छ। एकाथरी प्रशासकहरू 'मौन' बसेमा कुनै पनि 'अबगाल' नआउने हुँदा 'नदुखेको कपाल, डोरी लगाएर किन दुखाउने ?' भन्ने अवधारणाबाट सञ्चालित छन्। कत्तिको विचार 'सधैं बोल्ने होइन, मौकामा बोलौंला' भन्ने हुन्छ, तर त्यो 'मौका' नआउँदै उनीहरू अवकाश हुन्छन्। यसरी थरीथरीका सोचाइका कारण सार्वजनिक निकायका काम कारबाही सार्वजनिक हुन सकिरहेका छैन। यसको कारण एकातिर मुलुकमा भ्रष्टाचार बढिरहेको छ भने अर्कोतिर अपेक्षित मात्रामा सुशासन कायम हुन सकिरहेको छैन। सबैभन्दा गाँठो परेको विषय भनेको कार्यालय प्रमुख सार्वजनिक रूपमा खुल्न नचाहने, प्रवक्ताले पत्रकार सम्मेलनमा सीमित कुराबाहेक नबोल्ने र नागरिकले सूचना माग गरे मात्रै सूचना अधिकारी बोल्ने प्रवृत्तिले कुन निकायले के काम गरिरहेको छ भन्ने सुसूचित हुने अधिकारबाट आमनागरिक वञ्चित हुन पुगेका छन्। यसबाट तत् निकायमा कार्यरत राजनीतिक र प्रशासनिक नेतृत्व गुमनाम हुनु स्वाभाविकै हो।

अन्त्यमा, पहिलो कुरा, हरेक उच्च प्रशासक समाजसँग खुल्नुपर्छ। आफ्नो निकायबाट सम्पादित कामको प्रचारप्रसार गर्ने आफ्नो जिम्मेवारीबाट उनीहरू मुक्त हुन सक्दैनन्। सम्पादित काम बाहिर आएपछि त्यसको समर्थन र आलोचना हुन्छ। यसको जिम्मेवारी उनीहरूले लिनै पर्छ। यसबाट सबैले असल काम गर्नुपर्ने दबाब सिर्जना हुन्छ। असल कार्य सम्पादनबाटै प्रशासकको छवि निर्माण हुने हो। दोस्रो कुरा, उच्च प्रशासक आफैं नबोले पनि निज कार्यरत निकायको वेबसाइट अपडेट गर्ने, प्रवक्तालाई नियमित रूपमा बोल्न लगाउने, सूचना अधिकारीमार्फत ३/३ महिनाको गतिविधि झल्किने विस्तृत विवरण सार्वजनिक गराउने र मातहत कार्यालयका प्रमुखलाई सार्वजनिक रूपमा प्रस्तुत गराउन सके पनि संस्थाको प्रतिष्ठा माथि जान्छ र अप्रत्यक्ष रूपमा संस्थाको नेतृत्वमा यसको 'जस' आइपुग्छ। तेस्रो कुरा, आफ्ना निकायसम्बन्धी सूचना सार्वजनिक गर्ने अनेकौं विधि छन्। वार्षिक बजेट र कार्यक्रम लेक्स बोर्डबाट सार्वजनिक गर्न सकिन्छ। कुनै पनि निर्णय भएपछि प्रेस विज्ञप्ति जारी गर्नुपर्छ। निर्माण स्थलमा होडिङ बोर्ड राख्नुपर्छ।

रेडियो, टिभी, अखबार, अनलाइन र सामाजिक सञ्जालमा नियमित रूपमा संस्थाको गतिविधि प्रशारण र प्रकाशन हुने प्रबन्ध गर्न सकिन्छ। चौथो कुरा, कुनै पनि निकायले काम गर्दा सेवाग्राही जनता वा लाभान्वित सरोकारवालालाई समेत समेटी समिति गठन गरेर काम गर्न सकिन्छ। तेस्रो पक्षबाट सम्पादित कामको समीक्षा गराउने पद्धतिको विकास गर्न सकिन्छ। आफ्नै संस्थाभित्र विशेष प्रकारको सञ्जाल निर्माण गरी नियमति रूपमा कामको अनुगमन गराउन सकिन्छ। यी सबै गतिविधि सार्वजनिक गर्न प्रेस शाखा वा प्रेस सल्लाहकार राख्न सकिन्छ। यस सम्बन्धमा कानुनले सूचना शाखा नै खडा गर्न निर्देश गरेको छ। पाँचौं कुरा, समाजको गतिभन्दा कोही पनि अलग हुन सक्दैन र मिल्दैन। यसर्थ वर्तमान युगमा उच्च प्रशासक सार्वजनिक हुनुको विकल्प छैन। उनीहरूले कुनै पनि विधिद्वारा आफू र आफ्ना निकायका गतिविधिलाई सार्वजनिक गर्न सक्छन्, त्यसमा गहन चिन्तन गर्नुपर्छ। यसर्थ सूचना प्रवाहको सिपबाटै हरेक प्रशासकले सफलता हात पार्न सक्छन् भन्ने सत्यलाई आत्मसात् गरी अगाडि बढ्नु नै श्रेयस्कर हुने छ।

## दक्षिण एसिया

# दबाबमा कानुन

संसद्का दुवै सदनमा 'जुबेनाइल जस्टिस' विधेयक पारित भएपछि किशोर अपराधका मुद्दालाई लिएर संघर्षरत सबैलाई राहत भएको छ। गहन रूपले हेर्दा यस विधेयकले समस्याको कुनै खास समाधान दिने देखिँदैन। परिस्थितिको दबाबमा हामी केही समय केही महत्त्वपूर्ण विषयलाई पनि नजरअन्दाज गरिदिन्छौं। जुन किसिमले यस विधेयकलाई राज्यसभाबाट पारित गरियो, त्यो आगामी दिनका लागि अत्यन्तै चिन्ताजनक छ। के कोही पीडितलाई सामुन्नेमा ल्याएर वा भावनात्मक माहोल बनाएर देशमा कहिल्यै, कुनै पनि कानुन बनाउन सकिन्छ ? यस मामलालाई देखेर यस्तो लागिरहेको छ।

निर्भया काण्डबाट बनेको माहोलको निरन्तरतामा लोकसभाबाट पारित भएपछि यो विधेयक लामो समयदेखि राज्यसभामा अड्किएको थियो, यसको एउटै मात्र उद्देश्य जारी हंगामा थिएन। यस विधेयकसँगै केही जटिलता पनि जोडिएका छन्, जसको प्रचलित कानुनका रूपमा यसमाथि आवेदन ठिक हुँदैन। यद्यपि, निर्भया काण्डका नाबालिक अपराधीको रिहाइपछि जस्तो माहोल बन्यो, त्यसमा सारा पार्टी अलगअलग हुने स्थितिमा भए र विधेयकलाई अझ राम्रो बनाउन सक्ने जुन अवस्था थियो, त्यो हावामा उड्यो। जुवेनाइल जस्टिस विधेयकका अनुसार यदि अपराध जघन्य छ वा आईपीसीको धारामा त्यसको सजाय सात वर्ष वा त्यसभन्दा बढी छ भने १६ देखि १८ वर्षका नाबालिकलाई पनि वयस्क नै मानिने छ।

नाबालिकलाई अदालतमा पेस गर्नुभन्दा एक महिनाभित्र जुवेनाइल जस्टिस बोर्डले अपराधको प्रकृतिलाई ध्यानमा राखेर यो निश्चय गर्नुपर्छ कि उसलाई 'बच्चा' मान्ने कि 'वयस्क ?' वयस्क मान्दा किशोरलाई कानुनी प्रक्रियाको दौडान सामान्य जेलमै राखिने छ। उसलाई अधिकतम १० वर्षको सजाय पनि सुनाउन सकिने छ। यी प्रावधानको मुख्य उद्देश्य किशोर अपराधीका मनमा कानुनको डर पैदा गराउनु हो, तर मनोवैज्ञानिकहरू मान्छन् कि किशोरको व्यवहारलाई कुनै त्रासले नियन्त्रण गर्न सकिँदैन। उनीहरूको दिमागको बनावट नै यस्तो हुन्छ कि उनीहरू केही गरिसकेपछि नै त्यसको परिणामबारे सोच्न थाल्छन्।

बलात्कार, हत्या या एसिड आक्रमणलाई जघन्य अपराधको श्रेणीमा राखिएको छ, तर अपराधका बारेमा अदालतभन्दा पहिला बोर्डले यसको सजाय कसरी तय गर्छ ? हाम्रो देशमा संस्थाहरूको जुन हालत छ, त्यसलाई हेर्दा हरेक जिल्लामा यस बोर्डको अविवादित, निष्पक्ष र पारदर्शी हुन सजिलो छैन। बाल अपराधको बाढी रोक्नका लागि समाज र कानुनी व्यवस्थाको स्तरबारे केही सुधार आवश्यक छ। तर, यी कठिन काममा हात हाल्नुभन्दा आवश्यक कानुन बनाउनु हाम्रा नेताका लागि सजिलो होला।

*(भारतबाट प्रकाशन हुने 'नवभारत टाइम्स'को सम्पादकीय)*

लेख तथा प्रतिक्रियाका लागि
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

### सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.४८,२००/- |
| तेजाबी प्रतितोला | - रू.४७,९५०- |
| चाँदी प्रतितोला | - रू.६७५/- |

## बीओके र लुम्बिनी बैंक मर्ज हुने



**काठमाडौं/रास–** बैंक अफ काठमाडौं (बीओके) र लुम्बिनी बैंक एकआपसमा गाभिने भएका छन्। गाभ्ने तथा गाभिने (मर्जर) सम्बन्धी सहमतिपत्रमा बीओकेका तर्फबाट अध्यक्ष सत्यनारायण मानन्धर तथा सञ्चालक प्रा. डा. हेमराज सुवेदीले हस्ताक्षर गरे भने लुम्बिनी बैंकका तर्फबाट अध्यक्ष प्रकाश श्रेष्ठ तथा सञ्चालक सुवर्णलाल श्रेष्ठले हस्ताक्षर गरे। मर्जरपछि संस्थाको नाम बैंक अफ काठमाडौं लुम्बिनी लिमिटेड रहने सहमति भएको छ।

मर्जरका लागि बैंक अफ काठमाडौं र लुम्बिनी बैंकबिचको सेयर सट्टा अनुपात १ बराबर ८२८१ हुने सहमति भएको छ। यी सहमति सम्पूर्ण नियमनकारी निकाय तथा दुवै बैंकको साधारण सभाबाट स्वीकृति प्राप्त भएपछि लागू हुनेछ। आर्थिक वर्ष २०७२/७३ भित्र यो मर्जर प्रक्रिया पूरा गरिने लक्ष्य लिइएको बताइएको छ। दुवै बैंकले आर्थिक वर्ष २०७३/७४ भित्र न्यूनतम पुँजी ८ अर्ब पुऱ्याउनुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशनअनुरूप तयार पारेको पुँजी योजनाका आधारमा यो सहमति गरेको बैंकले बताएको छ।

बीओकेको आर्थिक वर्ष २०७१/७२ मा चुक्तापुँजी २ अर्ब १२ करोड रहेको थियो जुन प्रस्ताव गरिएको बोनस सेयरको स्वीकृतिपछि २ अर्ब ६७ करोड रुपैयाँ पुग्नेछ।

त्यसैगरी, लुम्बिनी बैंकको आर्थिक वर्ष २०७१/७२ मा चुक्तापुँजी २ अर्ब रुपैयाँ रहेको थियो। सो प्रस्ताव गरिएको बोनस सेयरको स्वीकृतिपछि २ अर्ब ३० करोड रुपैयाँ पुग्नेछ। बीओकेका हाल देशभर विभिन्न स्थानमा ५१ ओटा शाखा सञ्चालनमा छन् भने थप पाँच नयाँ शाखा पनि खोलिने क्रममा छन्। लुम्बिनी बैंकका १८ शाखा रहेका छन्।

## ठमेलमा ग्लोबल आईएमईको एटीएम काउन्टर

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

**काठमाडौं/रास–** ग्लोबल आईएमई बैंकले काठमाडौंको ठमेलमा नयाँ एटीएम काउन्टर सेवा थप गरेको छ। ठमेल घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्ष्य गर्दै बैंकले फायर क्लब बिल्डिङ, हट ब्रेड्स चोकमा रहेको एटीएम लाउन्जमा एटीएम सेवा सुरु गरेको हो। नयाँ एटीएम सेवा थप भएसँगै ग्लोबल आईएमई बैंकको एटीएम संख्या ९४ पुगेको छ। हाल ८९ ओटा शाखा ६ ओटा एक्सटेन्सन काउन्टर, १० ओटा राजश्व संकलन काउन्टर, ९४ ओटा एटीएम र ३९ ओटा शाखारहित बैंकिङ सेवामार्फत आफ्ना ५ लाखभन्दा बढी ग्राहकमाझ सेवा प्रदान गर्दै आइरहेको बैंकले बताएको छ।

## बुट तथा सुटको औद्योगिक प्रदर्शनी सुरु



**काठमाडौं/रास–** फुटवेयर म्यानुफ्याक्चर एसोसिएसन अफ नेपालको आयोजना तथा नेपाल कपडा तथा सिलाइ व्यवसायी संघको सहआयोजनामा १२औं राष्ट्रिय औद्योगिक प्रदर्शनी बिहीबारदेखि राजधानीको भृकुटीमण्डपमा सुरु भएको छ। प्रदर्शनीमा छालाजुत्ता तथा छालाजन्य वस्तुका साथमा स्वदेशी सिलाई व्यवसायीका आफ्ना उत्पादन राखिएको छ। सात दिनसम्म चल्ने यस मेलाको समुद्घाटन उद्योगमन्त्री सोमप्रसाद पाण्डेले गरे। सो अवसरमा बोल्दै मन्त्री पाण्डेले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई विस्तार गर्नुपर्ने बताए।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ईश्वरी घिमिरेले स्वदेशी उत्पादनलाई अन्तर राष्ट्रियस्तरको बनाउन उद्योगीले गुणस्तरीय उत्पादनमा विशेष जोड दिनुपर्ने बताए। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले लगातारको बन्द र नाकाबन्दीका कारण औद्योगिक क्षेत्र मर्माहत भएको उल्लेख गर्दै अप्ठ्यारो अवस्थाबाट उद्योगलाई माथि उठाउन आफूहरूले दिएको सुझावलाई सरकारले कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे। हस्तकला महासंघका अध्यक्ष धर्मराज शाक्य, फुटवेयर म्यानुफ्याक्चर एसोसिएसन अफ नेपालका अध्यक्ष रबिनकुमार श्रेष्ठ र नेपाल कपडा तथा सिलाइ व्यवसायी संघका अध्यक्ष सुरज बज्राचार्यले स्वदेशी कच्चा पदार्थको प्रयाग गरी उत्पादन गर्ने उद्योगीलाई ऋणमा सहुलियत दिनुपर्ने माग गरे।

'नेपाली सुट नेपाली बुट' भन्ने नारामा सुरु प्रदर्शनीमा १ सय ५ ओटा व्यापारिक स्टल रहेका छन् जसमा १५ ओटा सिलाइ व्यवसायी, ६ ओटा छालाजन्य वस्तु र बाँकी जुत्ताका स्टल रहेका छन्। यस मेलालाई करिब १ लाखजनाले अवलोकन गर्ने २ करोड रुपैयाँबराबरको कारोबार हुने आयोजकको अपेक्षा छ।

# ऊर्जा संकटकाल लगाउन तात्यो मन्त्रालय

**भीम गौतम/राजधानी**
काठमाडौं, ९ पुस

विद्युत् उत्पादन बढाउनका लागि ऊर्जा संकटकाल लगाउन बल्ल ऊर्जा मन्त्रालय तातेको छ। मन्त्रालयले आफैंले तयार पारेको ऊर्जा विकास योजना २०७२ मा आगामी १५ पुसभित्र ऊर्जा संकटकाल घोषणाका लागि विधेयकको मस्यौदा तयार पार्ने उल्लेख भए पनि बल्ल मन्त्रालय तातेको हो।

मन्त्रालयले तयार पारेको योजना तथा अर्थमन्त्री विष्णु पौडेलले ८ मंसिरमा श्वेतपत्रमा १५ पुसभित्र विधेयकको मस्यौदा तयार पार्ने र पुस मसान्तभित्र संकटकाल लागू गरि सक्ने उल्लेख छ।

प्रधानमन्त्रीसहित ऊर्जामन्त्री, अर्थमन्त्री र ऊर्जा सचिवलगायतले ऊर्जा संकटकाल लगाएर विद्युत् उत्पादन वृद्धि गरी लोडसेडिङ घटाउने सार्वजनिक भाषण सुरु गरेको एक महिनापछि मन्त्रालयले बल्ल मंगलबार यसको पूर्वतयारीका रूपमा विभिन्न आठ विषय चयन गरी जिम्मवारी तोकेको हो।

सचिवस्तरीय निर्णयबाट मन्त्रालय, विद्युत् विकास विभाग र नेपाल विद्युत् प्राधिकरणका विभिन्न अधिकारीलाई तोकिएको जिम्मेवारीसहितको पत्र मन्त्रालयले बुधबार मात्र सम्बन्धितलाई पठाएको छ। 'विद्यमान कानुनको अध्ययन, समस्याको पहिचान र समाधानका उपाय तथा २०६७ सालमा संकटकाल लगाउनका लागि तयार गरिएको विद्युत् संकट निरूपण विधेयकलाई समेत अध्ययन गरी विभिन्न आठ विषयमा राय दिने गरी जिम्मेवारी तोकिएको छ।'

मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थले भने, 'दुई साताभित्र राय पेस गर्ने गरी समय तोकिएको छ।' सबै समूहबाट राय आएपछि बल्ल ऊर्जा संकटकालका लागि आवश्यक विधेयक बनाउनका लागि मन्त्रालयले कार्यदल बनाउनेछ।

कार्ययोजना र श्वेतपत्रमा उल्लेख भएअनुसार पुसभित्रै ऊर्जा संकटकाल लाग्ने सम्भावना कम रहेको मन्त्रालयका एक अधिकारीले जानकारी दिए। 'मन्त्रालयले दिएको जिम्मेवारीअनुसार राय समयमै आएमा २३ पुसमा आउनेछ भने त्यसपछि कार्यदल बनाएर विधेयक पेस भई पुस मसान्तभित्र संकटकाल लाग्ने सम्भावना कम छ।'

अधिकारीले भने, 'विधेयकको मस्यौदा तयार गर्न र संकटकाल लगाउन ढिलाइ हुने प्रस्ट देखिएको छ, संसद्मा पेस भएर पारित पुसभित्र सम्भव देखिँदैन।' २०६७ साल चैत्र ९ गते तत्कालीन उपप्रधान एवं ऊजामन्त्री भरतमोहन अधिकारीले लगाएको साढे चारबर्से ऊर्जा संकटकाल कार्यान्वयनमा नआएकाले कतिपय संकटकालभन्दा पनि आयोजनालाई सहज र निर्बाध रूपमा अघि बढाउने वातावरण बनाउनुपर्ने पक्षमा छन्।

१० हजार मेगावाट उत्पादन नभएसम्मका लागि ऊर्जा संकटकाल लगाउनुपर्ने मागसहित ऊर्जामन्त्री र सचिवलाई ज्ञापनपत्र बुझाउँदै त्यसका लागि स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (ईप्पान) ले लबिङ गरिरहेको छ। संकटकाल लगाउँदा सार्वजनिक खरिद ऐन, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, रूख कटानलगायतबारे रहेको कानुनी र प्रक्रियागत झन्झट अन्त्य नगरेसम्म जलविद्युत् क्षेत्रको विकास नहुने आवाज जलविद्युत् प्रवर्द्धकले उठाउँदै आएका छन्। ऊर्जा सचिव सुमनप्रसाद शर्मा भने ढिलो भए पनि कार्यान्वयन योग्य ऊर्जा संकटकाल लगाउनुपर्ने पक्षमा देखिँदै आएका छन्। 'पूर्ण तयारी गरेर भए पनि कार्यान्वयन योग्य ऊर्जासंकट निवारण काल लगाउनुपर्ने पक्षमा हामी छौं,' उनी भन्छन्।

ऊर्जा संकटका लागि आवश्यक राय पेस गर्नका लागि मन्त्रालयका सह-सचिवद्वय समीररत्न शाक्य र डा. सञ्जय शर्मालाई दुई/दुई विषयको जिम्मेवारी दिइएको छ। शर्मालाई विद्युत् व्यापार तथा ग्रिड सोलारको विद्युत् खरिद सम्झौता (पीपीए) का साथै शाक्यलाई आयोजनाको वित्तीय व्यवस्थापनका लागि ऋण जारी तथा आयोजनाको प्राथमिकीकरण र लगानी व्यवस्थापनबारे राय दिनका लागि जिम्मेवारी तोकिएको छ। त्यसैगरी, संस्थागत संरचनाबारे विद्युत् विकास विभागका महानिर्देशक दिनेश घिमिरे तथा वन, जग्गा प्राप्ति, स्थानीय सरोकारलगायतबारे विभागकै उपमहानिर्देशक नवीनराज सिंहलाई राय दिन जिम्मेवारी तोकिएको छ।

वितरण व्यवस्थापन सुधारका लागि विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डे र खरिद व्यवस्थाका लागि राय दिन अर्को उपकार्यकारी निर्देशक सुरेन्द्रराज राजभण्डारीलाई जिम्मेवारी दिएको छ। जिम्मेवारी अनुसार उनीहरूले दुई साताभित्र ऊर्जा मन्त्रालयलाई राय उपलब्ध गराउनेछन्। रायको आधारमा कति समयसम्म र कसरी संकटकाल लगाउने भन्ने तय हुने मन्त्रालयले जनाएको छ।

# खाद्यमा परनिर्भरता झनै गहिरिँदै

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, ९ पुस

आउदो वर्ष खाद्यान्नको परनिर्भरता बढ्ने देखिएको छ। यस वर्ष मुख्य खाद्यान्न धानको उत्पादनमा उलेख्य कमी आउँदा परनिर्भरता बढ्दै जाने देखिएको हो।

प्रतिकूल मौसम, भारतले गरेको अघोषित नाकाबन्दीले समयमा रासायनिक मलको आपूर्ति नहुँदा यो वर्ष धानको उत्पादनमा १० प्रतिशतले कमी आउँदा आयात थप बढ्दै जाने देखिएको छ।

कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाले प्रतिकूल मौसमका कारण धानको उत्पादनमा उलेख्य कमी आएको बताए। गहुँको उत्पादन वृद्धि हुन नसके खाद्य संकट हुन सक्ने अनुमान गरिएको उनको भनाइ छ। धानको उत्पादन घट्दा त्यसबाट झन्डै ३ लाख मेट्रिक टन खाद्यान्न ऋणात्मक अवस्थामा जान्छ।' सहप्रवक्ता सापकोटाले भने, 'मकै र फापरको उत्पादन नबढेको भए खाद्य संकट देखा पर्न सक्थ्यो।'

धानको उत्पादन कम हुँदा आर्थिक वृद्धिदरमा समेत प्रत्यक्ष असर पुग्छ। धानको उत्पादनमा कमी आउँदा खाद्यान्न खाद्य सन्तुलनमा नै असर पर्ने देखिएको हो। मन्त्रालयका अनुसार धानको उत्पादनमा १० प्रतिशतले कमी भई ४ लाख ९० हजार मेट्रिक टनले घट्न गएको छ। गत वर्ष करिब ४७ लाख ८८ हजार मेट्रिक टनबाट धानको उत्पादन घटेर ४२ लाख ९९ हजार मेट्रिक टन हुने प्रारम्भिक अनुमान गरिएको छ। धानको उत्पादन घट्नाको मुख्य कारण समयमा रोपाइँ हुन नसकी बाँझो रहेकाले पनि उत्पादनमा उलेख्य कमी आएको छ।

मन्त्रालयका अनुसार गत वर्ष १ लाख ५५ हजार मेट्रिक टन खाद्यान्न बचत गरेकाको नेपाललाई यो वर्ष खाद्यान्न बचत गर्न कठिन हुनेछ। यो वर्ष झन्डै ५ लाख मेट्रिक टन धानको उत्पादन घटेको छ। धानको उत्पादन घटेकाले खाद्य सन्तुलनमा यो वर्ष नेपाल ऋणात्मक स्थितिमा जान सक्ने कृषिविज्ञको भनाइ छ। यो वर्ष १० अर्ब रुपैयाँबराबरको धान उत्पादनमा कमी भएको छ। जसले मुलुकको आर्थिक वृद्धिदरमा समेत प्रत्यक्ष असर पुग्ने गर्छ।

नेपालीहरूमा 'भाते' बानीका कारण अन्य खाद्यान्न बेचेर भए पनि चामल नै किन्ने संस्कृति छ। त्यसैकारण बर्सेनि धान तथा चामलको आयात बढिरहेको विज्ञको भनाइ छ। व्यापार प्रवर्द्धन तथा निकासी केन्द्रका अनुसार गत वर्ष नेपालमा १ खर्ब ३७ अर्ब रुपैयाँबराबरको कृषिजन्य वस्तु आयात भएको थियो। यसमध्ये १४ अर्ब रुपैयाँबराबरको चामल मात्र थियो। यो वर्ष उत्पादन घटेकाले माग धान्न थप झन्डै ९ लाख टन चामल आयात गर्नुपर्ने देखिएको छ। धानको उत्पादन घट्दा कुल गार्हस्थ्य उत्पादनमा पनि शून्य दशमलव ५६ प्रतिशत असर पुग्ने मन्त्रालयको अनुमान छ। कृषि उत्पादनमा धानको योगदान सबैभन्दा धेरै अर्थात् झन्डै २१ प्रतिशतसम्म छ।

गत वर्ष ४७ लाख ८८ हजार टन उत्पादन भएकामा यो वर्ष ४२ लाख ९९ हजार टन मात्रै धान उत्पादन भएको छ। भूकम्पको प्रभाव, ढिलो र कमजोर मनसुन, बन्दका कारण रासायनिक मल र विषादीको अभाव, मध्य तराईको खडेरीलगायतका कारण ४३ जिल्लामा धान उत्पादन घटेको छ। दोस्रो मुख्य खाद्यबाली मकैको उत्पादन भने यो वर्ष गत वर्षको तुलनामा ४ प्रतिशतले वृद्धि भएको छ। यो वर्ष २२ लाख ३१ हजार टन उत्पादन हुने अनुमान छ। तर, कोदोको उत्पादन करिब २ प्रतिशतले घटेको छ भने फापरको उत्पादन बढेको छ।

धानको उत्पादन कम भएपछि मन्त्रालयले धानको निर्यातमा समेत रोक लगाउने भएको छ। स्थानीय माग पूरा गर्न अर्बौं रुपैयाँको चामल आयात भइरहेका बेला नेपालबाट धानसमेत निर्यात हुँदै आएको छ।

यसैबीच, चालु आवमा कोदोको उत्पादन करिब २ प्रतिशतले घट्न गई गत वर्षको ३ लाख ८ हजार मेट्रिक टनबाट करिब ३ लाख २ हजार मेट्रिक टन मात्र रहने प्रारम्भिक अनुमान छ।

## इन्धन नपाए उत्पादन बन्द गर्ने डीडीसीको चेतावनी

**इलाम/रास–** दुध उत्पादनमा निर्भर इलामका किसानलाई पछिल्ला दिनहरू दुध बिक्रीका लागि केही सहज बने पनि अझै ढुक्क हुने अवस्था बन्न सकेको छैन। भदौयता कायम रहेको मिल्क होलिडे केही खुकुलो भए पनि अझै शुक्रबार र शनिबार दुध बन्द हुँदा इलामले मात्र अझै दैनिक ३८ हजार लिटर दुधको नोक्सानी बेहोर्दै आइरहेको छ।

पाँच दिनबाट घटेर दुई दिन दुध बन्द हुँदा पनि ७६ हजार लिटर दुध नोक्सान हुने गरेको छ। यसलाई रकममा लैजाँदा प्रतिलिटर ३० रुपैयाँका दरले मात्र पनि २२ लाख ८० हजार रुपैयाँ दुई दिनमा किसानलाई घाटा हुन्छ।

असोजयता जारी मधेश आन्दोलन र भारतद्वारा लगाइएको नाकाबन्दीका कारण दुध खरिद गर्न नसकिएको जनाउँदै आएको दुग्ध विकास संस्थान दुग्ध वितरण आयोजना विराटनगरले पछिल्लो समयमा स्थिति केही सहज भएपछि पाँच दिनबाट घटाएर मिल्क होलिडेलाई दुईदिनमा झारिएको जनाएको छ। तर, दुध ढुवानी गर्ने इन्धन अभाव हुँदा किसानको सबै दुध संकलन र ढुवानी गर्न नसकिएकाले अझै दुई दिन संकलन नै बन्द गर्नुपर्ने अवस्था रहेको आयोजनाले बताएको छ।

'इलामसहित नौ जिल्लाबाट दुध संकलन हुन्छ, त्यहाँबाट दुध ढुवानी गर्न ८-९ ओटा ट्यांकर छन् तर इन्धनै पुग्दैन,' आयोजना प्रमुख ईश्वरीराज न्यौपानेले भने, 'सरकारले जिल्ला प्रशासन कार्यालयको सिफारिसमा इन्धन दिन्छ, त्यो इन्धनले धान्दैन। अब इन्धन नहुँदा पुनः दुध बन्द गर्ने अवस्था छ।' आयोजनालाई मोरङ जिल्ला प्रशासन कार्यालयले १२ हजार लिटर डिजेल दिने गरेकामा आज (बिहीबार) बाट १८ हजार लिटर डिजेल दिन थालेको छ।

४५ हजार लिटर इन्धन आवश्यक पर्नेमा १८ हजार लिटर इन्धन दिंदा त्यसले आयोजनाका लागि एक चौथाइ मात्र काम हुने गरेको प्रमुख न्यौपाने बताउँछन्।


## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : SOROUH AL MASHAREE CONTRACTING EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/८ — चलानी नं. : ५६३८ — LT. No. 145283

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब SR | ने.रु. | [illegible] | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 04 | 1800 | 50,400 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | २ वर्ष |

Five Star International Overseas Pvt. Ltd.
GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Nepal
Tel : +977 1 5542662, Fax : +977 1 5544843,
Email:kajimanojthapa5@hotmail.com, Web:www.fivestarintl.com.np,
(Dovan International P. Ltd.)
Govt. Lic. No.: 205/057/058

## मलेशिया र कुवेतमा रोजगार

१. कम्पनी : SINLIPLAS HOLDING SDN.BHD.
पूर्व स्वीकृत मिति : २०७२/९/६ — चलानी नं. : ५३४० — LT. No. 147706

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब RM | ने.रु. | [illegible] | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 21 | 900 | 22,500 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छैन | छ | [illegible] |

२. कम्पनी : MARCO POLO CREAMERY (MALAYSIA) SDN BHD
पूर्व स्वीकृत मिति : २०७२/९/१ — चलानी नं. : ४८६३ — LT. No. 147296

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब RM | ने.रु. | [illegible] | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 975 | 24,375 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छैन | छ | [illegible] |

३. कम्पनी : LP HOONG ENGINEERING WORKS SDN. BHD.
पूर्व स्वीकृत मिति : २०७२/८/२४ — चलानी नं. : ४३५९ — LT. No. 146784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब RM | ने.रु. | [illegible] | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 05 | 900 | 22,500 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छैन | छ | [illegible] |

४. कम्पनी : KUWAIT CEMENT COMPANY, Kuwait Safat
पूर्व स्वीकृत मिति : २०७२/९/०७ — चलानी नं. : ५५४३ — LT. No. 147954

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब KD | ने.रु. | [illegible] | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 100 | 34,900 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | छ | [illegible] |

सेवा शुल्क : १००००

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

Bhandari Overseas Pvt. Ltd.
P.O.Box: 8973, NPC 264, Shantinagar-34, Gyanpunja Marg,
Minbhawan, Kathmandu, Nepal, Tel : +977 1 4622315, 4620858,
Fax : +977 1 4622348, Cell : 9851082190, 9841049844
E-mail : info@bhandarioverseas.com.np, Web : www.bhandarioverseas.com
Govt. Lic. No : 345/059/60




# जुम्ल्याहा राणा जोडीलाई उपाधि



**काठमाडौं/रास–** जुम्ल्याहा दिदीबहिनी मायांका र माहिका राणाको जोडीले १४औं जयकर स्मृति जुनियर राष्ट्रिय खुला लनटेनिस प्रतियोगिताको गर्ल्स डबल्स उपाधि बिहीबार जितेका छन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको फाइनलमा राणा जोडीले अर्को जुम्ल्याहा दिदीबहिनी क्याथ्रिन र एनी माथेमाको जोडीलाई ६-३ र ६-२ को सोझो सेटमा पराजित गरे। सो स्पर्धाको ब्वाइजमा रेन्जन लामा र सक्षम कार्कीको जोडी च्याम्पियन बन्यो । फाइनलमा सो जोडीले अदित सुवेदी र सहर्ष बीबी चन्दलाई सीधा सेटमा ६-० र ६-० ले हराए ।

मनजयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा यू-९ गर्ल्स सिंगल्सको उपाधि शिवांगी श्री शाहले जितिन् । शिवांगीले इभा अधिकारीको चुनौती फाइनलमा ८-४ ले समाप्त पारिन् ।

रायना शाह यू-१० गर्ल्स सिंगल्समा पहिलो भइन् । उपाधि भिडन्तमा रायनाले ईशाश्री शाहलाई ८-३ ले निराश पारिन् ।

यू-९ ब्वाइज सिंगल्समा आदित्य सुवेदीले रिजन श्रेष्ठलाई ८-० तथा आरभसम्राट् हाडाले अकी जुबेन रावतलाई ८-५ ले पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरे ।

यू-१० ब्वाइज सिंगल्समा आरभसम्राट् हाडाले आदित्य सुवेदीलाई ८-६ तथा अकी जुबेन रावतले रिजन श्रेष्ठलाई ८-१ ले निरास पार्दै फाइनल यात्रा तय गरे ।

यू-१८ गर्ल्स सिंगल्समा माहिका राणाले मायांका राणालाई ०-६, ७-६ र ६-४ तथा एनी माथेमाले क्याथ्रिन माथेमालाई ६-३ र ६-१ ले पन्छाउँदै फाइनल भिडन्त पक्का गरे ।

यू-१४ गर्ल्स सिंगल्समा इरा रावतले प्रेरणा कोइरालालाई ६-१ र ६-४ तथा अभिलाषा विष्टले ईशाश्री शाहलाई ६-० र ६-२ को सोझो सेटमा पराजित गर्दै फाइनलमा पुगे । सो स्पर्धाको ब्वाइजमा प्रशान्त बस्नेत, सम्यकभूषण बज्राचार्य, दीपेश केसी र सहर्ष बीबी चन्द आ-आफ्ना प्रतिद्वन्द्वीलाई हराउँदै सेमिफाइनलमा स्थान बनाउन सफल भए ।

# विष्टद्वारा कीर्तिपुर मैदानको निरीक्षण

**काठमाडौं/रास–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव केशवकुमार विष्टले बिहीबार कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निरीक्षण गरेका छन् ।

कीर्तिपुर मैदानमा आगामी अप्रिल १६ र १८ तारिखमा हुने विश्व क्रिकेट लिगअन्तर्गत नेपाल र नामिबियाबीच हुने खेललाई मध्यनजर गर्दै त्यहाँ रहेका भौतिक पूर्वाधार, मैदानको अवस्था र तयारीलगायत विषयमा जानकारी लिन सदस्य-सचिव विष्टले निरीक्षण गरेका हुन् ।

सो अवसरमा नेपाल क्रिकेट संघ (क्यान) का सीईओ भावना घिमिरेले विविध पक्षबारे जानकारी गराएकी थिइन् ।

निरीक्षणपश्चात् सदस्यसचिव विष्टले यू-१९ विश्व क्रिकेटको तयारीमा रहेको युवा टोलीसँग पनि भेट गरेका थिए ।



*विश्व क्रिकेट लिगअन्तर्गत नेपाल र नामिबियाबीच कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने खेलका लागि भौतिक पूर्वाधार र तयारी अवस्थाबारे जानकारी लिने क्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्ट (बायाँदेखि दोस्रो) कीर्तिपुर मैदानमा । साथमा नेपाल क्रिकेट संघ (क्यान) की सीईओ भावना घिमिरे (बायाँ) ।*

# भ्याली र एचएचसीए उपाधिनजिक



**काठमाडौं/रास–** १०औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा आयोजक भ्याली पब्लिक र एचएचसीएका ब्वाइज तथा गर्ल्सका दुवै टिम फाइनलमा प्रवेश गरेका छन् । बिहीबार भएको ब्वाइजतर्फको सेमिफाइनलमा आयोजक भ्यालीले भद्रकालीमाथि ३८-३३ को रोमाञ्चक जित निकाल्यो ।

भ्याली ५ अंकले पछि परेको अवस्थामा तेस्रो क्वार्टरको अन्त्यमा राहुल विकले लगातार दुई पटक थ्री प्वाइन्ट लगाउँदै ६ अंक जोडेपछि खेल भ्यालीतर्फ मोडिएको थियो । चौथो क्वार्टरमा प्रवेश गर्दा भ्यालीले १ अंकको अग्रता लिएको थियो । चौथो क्वार्टरको २ र ४ मिनेटमा महत्त्वपूर्ण खेलाडीद्वय कमल बिक र विनोद नेपालीलाई ५ फल खेलेका कारण गुमाए पनि भ्याली ५ अंकको जित निकाल्न सफल भयो । भ्यालीको जितमा विक्रम बानियाँले सर्वाधिक १४ स्कोर गरेका थिए । ब्वाइजतर्फको अर्को सेमिफाइनल खेलमा एचएचसीएले ग्रिनल्यान्डलाई ३७-२९ ले हराउँदा राजकुमार राईले पनि १४ स्कोरको योगदान दिएका थिए ।

भ्याली कपअन्तर्गत नै गर्ल्सतर्फ आयोजक भ्याली पब्लिक र एचएचसीएले उपाधिका लागि प्रतिस्पर्धा गर्ने पक्का भएको छ । सुन्दरबस्तीस्थित आयोजकको कोर्टमा भएको गर्ल्सतर्फको सेमिफाइनलमा आयोजक भ्याली पब्लिक र एचएचसीएले जित निकालेका हुन् ।

पहिलो खेलमा भ्यालीले इनोभेटिभलाई ४३-१७ ले हराउँदा रोशनी श्रेष्ठले सर्वाधिक १६ स्कोर गरिन् । मिङ्मा शेर्पाको महत्त्वपूर्ण ११ स्कोरको मद्दतमा एचएचसीएले बाग्मतीलाई २८-१३ ले स्तब्ध पार्‍यो । फाइनल खेल शुक्रबार हुनेछ ।

# मल्पीलाई दोहोरो उपाधि

**काठमाडौं/रास–** डिफेन्डिङ च्याम्पियन मल्पी इन्स्टिच्युटले पाँचौं अन्तर ए लेभल कलेज बास्केटबल प्रतियोगितामा बिहीबार दोहोरो उपाधि जितेको छ ।

मल्पीको ब्वाइज र गर्ल्स दुवै टोली उपाधि चुम्न सफल भयो । दुवैको फाइनलमा मल्पीले रातो बंगलालाई नै पराजित गर्‍यो ।

नयाँ बानेश्वरस्थित आयोजक एसको कोर्टमा भएको ब्वाइज फाइनलमा मल्पीले रातो बंगलालाई ६६-४७ ले पराजित गर्‍यो । विजेताका वाङगेल गुरुङले २५ अंक जोडे ।

गर्ल्सको फाइनलमा मल्पीले रातो बंगलालाई २१-१६ ले हरायो । मल्पीकी सलोनी शेरचनले ६ स्कोर गरिन् ।

ब्वाइजमा मल्पीका वाङगेल गुरुङ र गर्ल्समा मल्पीकी केल्साङ शेर्पा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए ।

ब्वाइजमा जेम्सका प्रसन्न महर्जन तथा गर्ल्समा मल्पीकी डोली तामाङले 'स्पोर्ट्सम्यासिप स्पिरिट' को अवार्ड जिते । ब्वाइजमा रातो बंगलाका सुलभ बतास (१५० अंक) तथा गर्ल्समा रातो बंगलाकी ग्रिष्मा राजभण्डारी (४० अंक) सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहे ।

विजेतालाई प्रोफेसनल इजुकेसन कन्सल्टेन्सीका निर्देशक राजु सिंह, एसका ए लेभल डाइरेक्टर उमंग पाण्डे तथा प्रतियोगिता संयोजक आशिष केसीले एक कार्यक्रमबीच पुरस्कृत गरे । आठदिने प्रतियोगिताको ब्वाइजमा १० तथा गर्ल्समा ६ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए ।



*एस अन्तर ए लेभल बास्केटबलका एमभीपी वाङ्गेल गुरुङ र केल्साङ शेर्पा ट्रफी साथ । साथमा मल्पीका प्रशिक्षक रोबिन खत्री (बिच) ।*

# आइडियल कप अन्तरकलेज फुटबल आजबाट



**काठमाडौं/रास–** आइडियल इंग्लिस उमाविको आयोजनामा प्रथम आइडियल कप अन्तरकलेज सिक्स ए साइड छात्र फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ ।

प्रतियोगितामा १६ टिमको सहभागिता रहने आइडियलका निर्देशक पूर्ण लामाले जानकारी गराए ।

विजेताले १० हजार र उपविजेताले ५ हजार नगद पुरस्कार पाउनेछन् । उत्कृष्ट किपर, डिफेन्डर, मिडफिल्डर र फरवार्डलाई पनि पुरस्कृत गरिनेछ ।

आइडियलका प्रवन्ध प्रमुख नारायणबहादुर थापा र फुटबल प्रशिक्षक मजेश शाक्यले प्रतियोगिताका विविध पक्षबारे जानकारी गराएका थिए ।

नकआउट आधारमा हुने प्रतियोगिताका खेल चावहिलस्थित गणेशथान चौरमा हुनेछन् । चावहिल स्पोर्ट्स क्लबको प्राविधिक सहयोगमा हुने प्रतियोगिताको फाइनल १४ पुसमा हुनेछ ।

पहिलो दिन आइडियल र काठमाडौं युनिफाइड सिटी कलेज, जय मल्टिपल कलेज र पेन्टागन, साइपाल एकेडेमी 'बी' र एस तथा टाइम्स र नासा इन्टरनेसनल कलेजबिच खेल हुनेछ ।

# अमृत अन्तिम चारमा



**काठमाडौं/रास–** अमृत थापा मगर तेस्रो सिभिल बैंक खुला स्क्वास च्याम्पियनसिपको पुरुष सिंगल्समा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । अमृतसँगै अरहन्तकेशर सिंह र प्रवीणवीरसिंह कंसाकार पनि सेमिफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे ।

अमृतले सुरोज श्रेष्ठलाई ८-११, ११-९, ११-९ र ११-४, अरहन्तले नैन मगरलाई ११-९, ११-२ र ११-६ तथा प्रवीणले सुजोन जुवारचनलाई ११-६, ७-११, ११-३ र ११-६ ले पराजित गरे ।

महिला सिंगल्समा भावना सुनवार, सपना ब्लोन, कृष्ण थापा र विपना ब्लोन सेमिफाइनलमा पुगे । जुनियर पुरुष यू-१७ सिंगल्सको सेमिफाइनल विजय मगर र अमीर ब्लोन तथा दीपक थापा र विक्रम मगरबिच हुने छ ।

मास्टर्स ५० वर्षमाथि प्रेम सिंह, लालबहादुर गुरुङ, किशोर महर्जन र डा. कुलेश थापा सेमिफाइनलमा पुगे ।

# टेस्टअघि इंग्ल्यान्डलाई झट्का



**लन्डन/एजेन्सी–** साउथ अफ्रिकाविरुद्ध बक्सिङ डे टेस्टअघि इंग्ल्यान्डलाई कडा झट्का लागेको छ । उसका महत्त्वपूर्ण बलर जेम्स एन्डरसन पिँडुलाको समस्याका कारण पहिलो टेस्टबाट बाहिर भएका छन् ।

पहिलो टेस्ट खेल्न नसक्ने औपचारीक जानकारी गराएको इंग्ल्यान्डले दोस्रो टेस्टमा भने उनको फिटनेस परीक्षण गरिने जानकारी दिएको छ । एन्डरसनको दायाँ पिँडुलाको मंगलबार परीक्षण गरिएको थियो । जसका कारण उसले पहिलो टेस्टमा उनलाई मैदानमा उतारेर रिक्स लिन नसक्ने बताएको थियो । यद्यपि, जनवरीको सुरुमा केपटाउनमा हुने दोस्रो टेस्टमा भने उनको उपस्थिति हुनसक्ने जनाइएको छ ।

इंग्ल्यान्डका तर्फबाट सर्वाधिक धेरै टेस्ट विकेट लिने खेलाडीका रूपमा रहेका एन्डरसन इंग्ल्यान्डका लागि महत्त्वपूर्ण खेलाडीका रूपमा रहँदै आएका छन् । अब उनको स्थानमा क्रिस भोक्सले मौका पाउने सम्भावना छ ।

# माल्दिभ्सको जित



**केरला/एजेन्सी–** साफ च्याम्पियनसिपअन्तर्गत समूह 'बी' को खेलमा माल्दिभ्सले भुटानलाई ३-१ ले हराएको छ । अली अस्फक चम्किँदा माल्दिभ्सले जित आत्मसात् गर्दै महत्त्वपूर्ण तिन अंक जोडेको छ । माल्दिभ्सका लागि इमाज अहमद, अब्दुल्लाह अब्दुल्लाह र कप्तान अली अस्फकले १/१ गोल गरेका थिए ।

केरलाको ग्रिनफिल्ड स्टेडियममा माल्दिभ्सले खेलको आठौं मिनेटमा नै अग्रता लिएको थियो । इमाज अहमदले पहिलो गोल गरेका थिए । भुटानले १९औं मिनेटमा बराबरी गोल फर्कायो। दोर्जी छिरिङले १९औं मिनेटमा गोल गर्दै १/१ को बराबरीमा ल्याए । खेलको ३१औं मिनेटमा माल्दिभ्सका अब्दुल्लाह अब्दुल्लाहले गोल गर्दै २-१ ले अग्रता दिलाए । भुटानले त्यसपछि कुनै मुभ सिर्जना गर्न सकेन ।

उत्कृष्ट प्रदर्शन गरेका माल्दिभ्सका कप्तान अली अस्फकले खेलको ७०औं मिनेट गोल थप्दै ३-१ को जित दिलाए । अली दक्षिण एसियाकै उत्कृष्ट फरवार्ड हुन् । उनी अन्तिम साफ च्याम्पियनसिप खेलिरहेका छन् ।


नेपाल सरकार
**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**
सडक विभाग
**डिभिजन सडक कार्यालय शिवपुर, कपिलवस्तु**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(मिति २०७२।०९।१०)

यस कार्यालयको सुचना नं. १६/०७१/७२ र १७/०७१/७२ बमोजिमका निम्न ठेक्काहरुमा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

*तपसिल:*

| सि.नं. | ठेक्का नं. | कामको नाम | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | DROSPR/3371 574/071/72-095 | Construction of RCC girder motorable bridge, Jamuwar Khola Bridge, Dhumara-Adaudakot Road, Kapilvastu | श्री भैरव कन्स्ट्रक्सन प्रा.लि., नयाँबजार, काठमाण्डौ | ३५३,०४,४१९.२८ |
| २ | DROSPR/3371 574/071/72-097 | Construction of RCC motorable bridge, Sit Khola Bridge, Chakla-Jukena-Shivadaha-Bhalubang Road, Arghakhanchi | श्री काठमाण्डप कन्स्ट्रक्सन प्रा.लि., बल्खु, काठमाण्डौ | ३,५१,२५,८०७.१७ |

डिभिजन प्रमुख


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**